लेखन तथा सम्पादन
**तोया गौतम**

संयोजन
**प्रदिप परियार**

चित्र
**कुमुद राना र रविन कपाली**

**प्रकाशक**

**सर्च फर कमन ग्राउण्ड**

पोष्ट बक्स नं. : २४९०५, काठमाडौं
लाजिम्पाट, नर्सरी मार्ग, वार्ड नं. २
फोन नं. : + ९७७–०१–४००२०१०/११/१२
फ्याक्स नं. : + ९७७–०१–४४३७१५२
ईमेल : sfcgnepal@sfcg.org
वेभसाईट : www.sfcg.org

**प्रथम संस्करण २०६७**

सर्च फर कमन ग्राउण्ड

यो पुस्तक बेल्जियम सरकारको विदेश मन्त्रालयको सहयोगमा प्रकाशन भएको हो । यस पुस्तकमा प्रस्तुत विचारहरु निश्चित समय र सन्दर्भमा व्यक्तिहरुसँग गरिएका कुराकानी र छलफलमा आधारित छन् । ती विचार असल नियतले प्रेरित छन् । यद्यपि यसबाट कसैलाई कुनै अप्ठ्यारो पर्न गएमा त्यसलाई संयोग मात्र मानिने छ ।

# परिवर्तनको बाटोमा

रेडियो नाटक 'नयाँ बाटो नयाँ पाइला'

को प्रभाव अध्ययन

लेखन तथा सम्पादन

तोया गौतम

सर्च फर कमन ग्राउण्ड

र

एन्टेना फाउण्डेसन नेपाल

# विषयसूची

पृष्ठ


| | | |
|---|---|---|
| परिच्छेद– १ | व्यवहार परिवर्तनमुखी आमसञ्चार | १–६ |
| परिच्छेद– २ | धारावाहिक रेडियो नाटक 'नयाँ बाटो नयाँ पाइला' | ७–१३ |
| परिच्छेद– ३ | नाटकको प्रभावबाट सिर्जना भएका परिवर्तनका कथाहरु | १४–३२ |
| | • पढ्न नपाएकी रुपिका प्रशिक्षकसमेत बनिन् | १४ |
| | • नाटक नसुनेकी भए त म कुवाकै भ्यागुत्तो हुन्थें होला | १६ |
| | • जाँड–रक्सी र भाँडभैलो छोडेर क्लबतिर लागे रेखबहादुर | १७ |
| | • सीता पुनर्स्थापित भइन्, सुरज घर फर्के | १८ |
| | • मलाई पनि अर्जुनजस्तै बन्न मन लाग्यो | १९ |
| | • भान्सासमेत छोडेर नाटक सुन्नेहरु | १९ |
| | • युवाहरुले यसरी साथ दिए उत्साह बढ्ने थियो | २० |
| | • यो नाटक कहिल्यै बन्द हुनु हुँदैन | २० |
| | • रेडियो पनि सुन्ने चिज पो रहेछ | २२ |
| | • मैले आफ्नै घरमा पनि नाटकले दिएका सन्देशहरु लागू गरें | २२ |
| | • हेडसरको भूमिकाबाट मैले धेरै कुराहरु सिकें | २३ |
| | • सकिनाको गाउँमा पनि बाङ्गेपिपलकै जस्ता प्रवृत्ति छन् | २४ |
| | • राम्रा काम गरेपछि गाउँलेले सहयोग नगर्ने त कुरै भएन नि | २५ |
| | • नाटक सुन्न श्रोताहरु पर्खेर बसेका पाइन्छन् | २६ |
| | • जुस बनाई बेचेको कुराले पेमालाई बाटो देखायोत्त | २७ |
| | • नाटक सुन्न थालेपछि जिस्क्याउन छाडे | २८ |
| | • हेडसरको चिठी | ३१ |
| परिच्छेद– ४ | प्रभावकारिता र लोकप्रियताका आधारहरु | ३३–३६ |
| परिच्छेद– ५ | निष्कर्ष | ३७–३९ |
| परिच्छेद– ६ | रेडियो नाटक नयाँ बाटो नयाँ पाइला' निर्माण गर्ने संस्थाहरु | ४१ |
| | सम्बद्ध कलाकार तथा अन्य सहकर्मीहरु | |
| | सन्दर्भ सामग्री | ४२ |

परिच्छेद-१


# व्यवहार परिवर्तनमुखी आमसञ्चार

*हामीले पत्तै नपाइकन आमसञ्चारले हामीमाथि अनुभूति र विचार गर्ने तौरतरिका थोपर्दछ र हाम्रा विचारहरुलाई नियन्त्रित पनि गर्दछ ।'*

- प्राध्यापक म्याक लुहान, टोरन्टो विश्वविद्यालय

मानिसहरुको सोच र व्यवहारमा परिवर्तन ल्याउने काममा आमसञ्चारले महत्वपूर्ण भूमिका खेल्ने कुरा सर्वत्र स्विकारिएको छ । 'आमसञ्चारले जनमत सिर्जना गर्दछ' भन्ने प्रचलित भनाइले पनि यस तथ्यलाई सङ्केत गर्दछ । हामी रेडियो, टेलिभिजन, पत्रपत्रिका, पुस्तक, चलचित्र लगायत विभिन्न आमसञ्चार माध्यमहरुको उपयोग गर्दै नयाँ-नयाँ कुराहरु थाहा पाएर त्यसप्रति आफ्नो दृष्टिकोण वा धारणा बनाउँदछौं । अनेक कुराहरु सिक्दछौं र कतिपय कुराहरुबाट प्रभावित नै भएर त्यसलाई आफूमा आत्मसात पनि गर्दछौं । आमसञ्चार माध्यमहरुबाट समाचार, अन्तर्वार्ता, नाटक, गीत, बहस, बर्णन र विश्लेषण जस्ता कुनैपनि रुप र शैलीमा आएका सन्देशहरुले जानकारी, शिक्षा, मनोरञ्जन वा अभिप्रेरणा दिइरहेका हुन्छन् । जानकारी (Information), शिक्षा (Education), मनोरञ्जन (Entertainment) र अभिप्रेरणा (Persuasion/motivation) जस्ता आमसञ्चारका चारवटा प्रमुख कामहरुमा पनि पछिल्लो समयमा आएर सूचनात्मक मनोरञ्जन (Infotainment) र शिक्षात्मक मनोरञ्जन (Edutainment वा Educational Entertainment) समेत थपिएका छन् । आमसञ्चार माध्यमहरुले गर्ने यी सबैखाले कामहरुबाट पाठक, श्रोता वा दर्शकहरुले सन्देश ग्रहण गरी तिनबाट जानिँदो वा नजानिँदो दुवै तरिकाद्वारा आफूभित्र परेको प्रभावका कारण आफ्ना बानी, व्यवहार र दृष्टिकोणहरुमा परिवर्तन ल्याइरहेका हुन्छन् । यसरी लक्षित वर्गको बानी, व्यवहार र दृष्टिकोणमा परिवर्तन ल्याउने उद्देश्यले तयार पारिएको आमसञ्चार-क्रियाकलाप नै व्यवहार परिवर्तनमुखी आमसञ्चार हो ।

व्यवहार परिवर्तनमुखी आमसञ्चारले सबैभन्दा पहिले लक्षित श्रोता, दर्शक वा पाठक अर्थात् लक्षित मानिसमा सचेतना (Awareness) प्रदान गर्ने काम गर्दछ । यो सचेतना भन्नु नै लक्षित मानिसका लागि आवश्यक वा उपयोगी हुने ठानिएको जानकारी उसले थाहा पाउनु वा जान्नु हो । लक्षित मानिसले जानकारी पाएर मात्र पुग्दैन, त्यसलाई उसले यो कुरा जायज हो भनी स्वीकार गर्नु (Approval) पनि आवश्यक हुन्छ । जब उसले जानकारी पाउँछ र सो जानकारी वा ज्ञान जायज हो भनेर स्वीकार गर्दछ त्यसपछि 'म पनि अब त्यसो गर्छु' भन्ने मनसाय (Intention) उसमा जागृत हुनु पर्दछ । यो मनसाय जागृत भएर मात्र पनि हुँदैन, उसले त्यसलाई व्यवहार मा पनि अभ्यास (Practice) गर्नु पर्दछ । व्यवहारमा रुपान्तरण गरेपछि उसले त्यसका बारेमा अरुलाई पनि बताउने काम अर्थात् पैरवी (Advocacy) गर्न थाल्यो भने उसको व्यवहारमा परिवर्तन आयो भनेर मान्न सकिन्छ । त्यसैले व्यवहार परिवर्तनमुखी आमसञ्चार कार्यक्रम सञ्चालन गर्ने जो कोहीले पनि यस प्रक्रियालाई बुझेर कुनैपनि सन्देशलाई आफ्नो आमसञ्चार माध्यमबाट एउटा निरन्तर चक्रका रुपमा प्रवाह गरिरहने काम गर्नुपर्ने हुन्छ । त्यसैले एकपटक प्रसारण हुने समाचार वा विश्लेषणभन्दा निरन्तर प्रसारण भइरहने धारावाहिक कार्यक्रमहरु नै व्यवहार परिवर्तनमुखी आमसञ्चारका लागि बढी प्रभावकारी हुन्छन् । व्यवहार परिवर्तनमुखी आमसञ्चारको धारणाबाट नेपालमा प्रसारण गरिएको रेडियो धारावाहिक नाटक नयाँ बाटो नयाँ पाइलाका शुरुका भागहरुका क्रिएटिभ प्रोड्युसर तोया घिमिरे भन्छन् - 'कहिलेकाहीँ त हामीले एउटा सन्देश पूर्ण रुपमा प्रवाह गर्न नै धारावाहिक नाटकका २०-२५ वटा शृङ्खलाहरु प्रयोग गर्नुपर्ने हुन्थ्यो ।'




अर्को महत्वपूर्ण कुरा के हो भने कुनै सन्देश आमसञ्चारमाध्यमबाट निरन्तर प्रवाह गरिए पनि लक्षित मानिसहरुले त्यस्तो सन्देश प्रवाह गरिएको कार्यक्रम सुन्छन् वा त्यस्ता सामग्री पढ्छन् र सो क्रमलाई निरन्तरता दिन्छन् नै भन्ने हुँदैन। आजको सूचना र सञ्चारको चरम विकासको युगमा मानिसहरुका बीच सयौं आमसञ्चार माध्यमका कैयौं पृष्ठ र थरिथरिका कार्यक्रमहरु उपलब्ध भइरहेका छन् । प्रत्येक व्यक्तिसँग उपलब्ध सीमित समयका कारण उनीहरु सबै आमसञ्चार माध्यमका सबै कार्यक्रम वा सामग्रीहरु उपभोग गर्न सक्दैनन्। त्यसैले उनीहरु छनौट गर्दछन्। छनौटका आधारहरु हुन्छन् - सामयिकता (Timeliness), मानवीय अभिरुचि (Human Interest), निकटता (Proximity), नवीनता (Novelty), सहज उपलब्धता (Ease to use), भाषा (Language), निरन्तरता (Continuety) आदि ।

प्रशिद्ध अमेरिकी सञ्चार-शाश्त्री प्राध्यापक विल्वर स्नाम त आजकलका मानिसहरु मौन पाठक, श्रोता र दर्शकको रुपमा मात्र नरहेको बरु उनीहरुमा सक्रिय सहभागिताको प्रवृत्ति पनि विकास भएको दृष्टिकोण राख्दछन्। उनी भन्छन् - *अहिले मानिसहरु सन्देशलाई चूपचाप ग्रहण गर्ने पाठक र स्रोताको अवधारणाअनुसार आफू निर्देशित हुँदैनन् बरु उनीहरु त सन्देशलाई आफैं प्रभावित गर्न सक्ने सक्रिय, चयनशील र पूर्ण सहभागी स्रोता र पाठकको रुपमा विकसित भएका छन् ।*

त्यसैले यदि हामी कुनै आमसञ्चार माध्यमबाट कुनै सन्देश प्रसारण गर्न चाहन्छौं एवम् त्यसलाई हाम्रा लक्षित श्रोता, दर्शक वा पाठकले उपभोग गरी उनीहरुको दृष्टिकोण, व्यवहार र प्रवृत्तिमा परिवर्तन ल्याउन् भन्ने चाहन्छौं भने आमसञ्चार माध्यमबाट प्रसारण गर्न खोजिएको सामग्री तयार पार्दा निम्न कुराहरुमा ध्यान पुऱ्याउनु पर्ने हुन्छ :

- प्रसारण गर्न खोजिएको सन्देश वा जानकारी समसामयिक सन्दर्भसँग कत्तिको मेल खाने खालको छ ?
- सन्देश आफैं वा सो सन्देश प्रसारण गर्न खोजिएको कार्यक्रम वा सामग्रीको प्रस्तुतीकरण रुचिकर, रमाइलो वा उत्सुकतापूर्ण छ कि छैन ?
- प्रसारण गर्न खोजिएको सन्देश लक्षित श्रोता, पाठक वा दर्शकको जीवन, उनीहरुले गर्ने काम वा व्यवसाय, उनीहरु बस्ने वा उनीहरुका लागि कुनै न कुनै महत्व राख्ने ठाउँ, उनीहरुसँग कुनै न कुनै किसिमको सामिप्यता भएका मानिस अथवा उनीहरुसँग प्रत्यक्ष सम्बन्ध रहेको परिस्थितिसँग सम्बन्धित छ कि छैन ?

- सन्देशमा लक्षित श्रोता, पाठक वा दर्शकका लागि काम लाग्ने वा उनीहरुको चासो हुनसक्ने कुनै नौलो कुरा छ कि छैन ?
- जुन माध्यमबाट जुन समय वा स्थानमा प्रसारण गरिने हो त्यस्तो माध्यम, समय वा स्थान लक्षित श्रोता, पाठक वा दर्शकको सजिलै पहुँच हुने खालको छ कि छैन ?
- प्रसारण गर्न खोजिएको सन्देश र प्रस्तुतीकरण लक्षित श्रोता, पाठक वा दर्शकले सजिलैसँग बुझ्ने खालको छ कि छैन ?
- हामीले प्रसारण गर्ने कार्यक्रममा लक्षित श्रोता, पाठक वा दर्शकले कुनै न कुनै प्रकारको सहभागिता जनाउन सक्ने स्थिति छ कि छैन ?
- कहिलेकाहीँ वा एक-दुईपटकमात्र प्रसार गरिने सामग्री व्यवहार परिवर्तनको उद्देश्य हासिल गर्न सक्षम हुने सम्भावना असाध्यै न्यून रहने भएकाले प्रसारणलाई उही ढाँचा र समयमा उही माध्यमबाट शृङ्खलाबद्ध ढङ्गले लामै समयसम्म निरन्तर प्रसारण गर्न सकिने स्थिति छ कि छैन ?

हामीले प्रसारण गर्न खोजेको सन्देश वा त्यसलाई समेट्ने कार्यक्रम वा सामग्रीमा यदि माथि उल्लेख गरिएका बुँदाहरुको सकारात्मक खालको उत्तर पाइन्छ भने त्यस्तो कार्यक्रम वा सामग्रीलाई लक्षित श्रोता, पाठक वा दर्शकले उपभोग गर्ने, त्यसबाट प्रभावित हुने र सो प्रभावबाट आफूमा कुनै न कुनै किसिमको परिवर्तन ल्याउने सम्भावना बढी हुन्छ ।

## शिक्षात्मक मनोरञ्जन (Edutainment) को बढ्दो प्रभाव

लक्षित समुदायमा व्यवहार परिवर्तनका लागि आमसञ्चार माध्यमहरुबाट प्रसारण गरिने सन्देशहरु शिक्षात्मक मनोरञ्जनको शैलीमा प्रसार गर्दा तिनले तुलनात्मक रुपमा बढी समय वा स्थान लिने भएतापनि सावधानी र कुशलतापूर्वक बनाइएका यस्ता कार्यक्रम वा सन्देशहरुले लक्षित पाठक, श्रोता वा दर्शकमा बढी प्रभाव छोड्दछन् । कोरा शिक्षात्मक सन्देशहरु चाहिँ मानिसहरुका लागि रुचिकर नहुने भएकाले त्यस्तो सन्देश लिनैपर्ने बाध्यात्मक अवस्थामा नरहेका मानिसहरुका लागि ती त्यति ग्रहणशील हुँदैनन् । आमसञ्चार माध्यमहरुबाट प्रसार गरिने शिक्षात्मक वा व्यवहार परिवर्तनमुखी सन्देशहरु कसरी लक्षित मानिसहरुका लागि ग्रहणशील बनाउने भन्ने सन्दर्भमा आमसञ्चारकर्मीहरुले नयाँ-नयाँ प्रयोगहरु गर्दै आएका छन् । अझ मानिसहरुमा रहने बढ्दो दृश्यात्मक अभिरुचि (Visual interest) का कारण टेलिभिजनको विकासपछि छापा माध्यम र रेडियोहरुलाई त आफ्ना सन्देशहरुलाई प्रभावकारी र रुचिकर बनाउनु पर्ने थप चुनौती पनि छ । यस चुनौतीलाई स्वीकार गर्दै छापा माध्यममा कथात्मक किसिमको फिचर लेखनको शैली पछ्याउने एवम् कार्टुन र तस्वीरहरुको बढी प्रयोग गर्ने र रेडियोहरुमा शिक्षात्मक मनोरञ्जनका नाटकहरु बनाई प्रसारण गर्ने प्रक्रिया बढ्दै गएको पाइन्छ ।

## शिक्षात्मक मनोरञ्जन के हो ?

शिक्षात्मक मनोरञ्जन एउटा त्यस्तो शैली वा पद्धति हो जसमा प्रसारण गर्न खोजिएको सन्देशलाई लक्षित पाठक, श्रोता वा दर्शकले सहजतापूर्वक र अभिरुचिका साथ ग्रहण गर्नसक्ने हिसाबले मनोरञ्जनपूर्ण कार्यक्रममा ढालेर प्रसारण गर्ने गरिन्छ ।

प्रशिद्ध विकास सञ्चारविद्हरु ई.एम. रोगर्स र ए. सिङ्घलले पनि शिक्षात्मक मनोरञ्जनलाई उद्देश्यपरक ढङ्गले शिक्षा र मनोरञ्जन दुवै प्रदान गर्ने सन्देशको रुपमा परिभाषित गरेका छन् । उनीहरु उल्लेख

गर्छन् - *'शिक्षात्मक मनोरञ्जन एउटा त्यस्तो प्रक्रिया हो जसमा उद्देश्यपरक ढङ्गले आमसञ्चार माध्यमबाट प्रसारण गरिने सन्देशलाई शिक्षा र मनोरञ्जन दुवै प्रदान गर्नेगरी तयार पार्ने र कार्यान्वयन गर्ने गरिन्छ, जसबाट प्रदान गर्न खोजिएको शिक्षाका सवालमा लक्षित श्रोताहरुको ज्ञान अभिवृद्धि होस्, उनीहरुको प्रवृत्ति सोचेजस्तो होस् र व्यवहारमा परिवर्तन आओस् ।'* (स्रोतः 'शिक्षात्मक मनोरञ्जन : सामाजिक परिवर्तनका लागि सञ्चार रणनीति')

शिक्षात्मक मनोरञ्जनको शैलीलाई छापा माध्यममा भन्दा रेडियो र टेलिभिजनमा बढी प्रयोग गर्ने गरिएको छ । खासगरी उद्देश्यमूलक धारावाहिक रेडियो नाटक र टेलि-शृङ्खलाहरुको रुपमा यस्ता कार्यक्रमहरु बढी प्रसारण हुने गरेका छन् । बेला-बेला परिसम्वाद, कार्टुन शृङ्खला, प्रत्यक्ष टेलिफोन कुराकानी र गीतहरुलाई पनि यस उद्देश्यका लागि प्रयोग गर्ने गरिन्छ तर रेडियो र टेलिभिजनबाट लक्षित श्रोता र दर्शकहरुमा उनीहरुको व्यवहार परिवर्तनमा प्रभाव पार्ने उद्देश्यका सामग्रीको रुपमा भने धारावाहिक नाटकहरु नै बढी प्रयोगमा छन् । वास्तवमा अहिलेको विश्वव्यापी प्रचलनलाई हेर्ने हो भने सकारात्मक परिवर्तनका लागि भनेर तयार पारिएका रेडियो र टेलिभिजनबाट प्रसारण हुने उद्देश्यपरक धारावाहिक नाटक शृङ्खलाहरु नै शिक्षात्मक मनोरञ्जनका पर्याय बनेका छन् ।

## शिक्षात्मक मनोरञ्जनमुखी धारावाहिक नाटकको विकास-क्रम

कथावस्तुलाई क्रमिक रुपमा विभिन्न शृङ्खलाहरुमा अगाडि बढाउँदै औपन्यासिक शैलीमा प्रस्तुत गरिने र रेडियो वा टेलिभिजनबाट प्रसारण गरिने धारावाहिक रेडियो वा टेलिभिजन नाटकहरु संसारमा धेरै अगाडिदेखि नै निक्कै लोकप्रिय हुँदै आएका छन् । सन् १९५१ देखि शुरु भएको र अहिलेसम्म १६,००० भन्दा बढी शृङ्खलाहरु प्रसारण भइसकेको बी.बी.सी.को 'द आर्चर' यसको एउटा सशक्त उदाहरण हो । 'विकी पिडिया'का अनुसार बेलायतमा रेडियो सुन्नेहरुमध्ये २५ प्रतिशतभन्दा बढीले नियमित रुपमा 'द आर्चर' सुन्ने गरेका छन् । दोस्रो विश्वयुद्धपछि किसानहरुको कृषि उत्पादकत्व अभिवृद्धिका लागि सहयोग गर्ने उद्देश्यले यो शृङ्खला धारावाहिक रुपमा प्रसारण गर्न थालिएको हो । अमेरिकामा सन् १९३७ देखि रेडियोबाट र सन् १९५२ देखि टेलिभिजनबाट प्रसारण भइरहेको धारावाहिक 'द गाइडिङ लाइट' ले पनि आफ्ना करिब १६,००० शृङ्खलाहरु पार गरिसकेको छ । यीभन्दा कम शृङ्खलाका भएपनि मेक्सिको, ताञ्जानिया र हाम्रै छिमेकी देश भारत लगायत संसारका विभिन्न देशहरुमा धेरै अघिदेखि नै अरु पनि थुप्रै धारावाहिक नाटकहरु लोकप्रिय हुँदै आएका छन् ।

'द आर्चर' जस्ता कतिपय धारावाहिकहरु धेरै पहिलेदेखि प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा शिक्षात्मक मनोरञ्जनकै विशेषता समेटेर प्रसारण हुने गरेका भएपनि सकारात्मक परिवर्तनका लागि शिक्षात्मक मनोरञ्जनको शैलीमा धारावाहिक नाटकहरुको प्रयोग गर्ने सिलसिलामा मेक्सिकोका मिग्वेल साविदोलाई अग्रणीको रुपमा लिइन्छ । धारावाहिक नाटकहरुको लोकप्रियता र प्रभावकारितालाई विचार गरेर साविदोले सन् १९६० को दशकदेखि यस्ता थुप्रै धारावाहिकहरुको निर्माण गरे । उनले सकारात्मक सामाजिक परिवर्तनका लागि मानिसहरुको व्यवहार र प्रवृत्ति बदल्ने निश्चित उद्देश्यका साथ कथावस्तु तयार गरेर केही असल र केही कमसल चरित्रका पात्रहरुको प्रयोग गर्दै शुरु गरेको धारावाहिक नाटक निर्माणको पद्धतिलाई विकास सञ्चारका क्षेत्रमा 'साविदो पद्धति' भन्ने गरिएको छ । यस पद्धतिअन्तर्गत सन् १९६७ देखि १९७० को बीचमा उनले बनाएर प्रसारण गरेका शिक्षात्मक मनोरञ्जनका चारवटा धारावाहिक नाटकहरु निक्कै प्रभावकारी ठहरिए । यसबाट उत्साहित भएर सन् १९८२ सम्म उनले फेरि अरु पाँचवटा धारावाहिक नाटकहरु निर्माण गरे । साविदो आफैं काम गर्ने मेक्सिकोको

टेलिभिसा नामक टेलिभिजनबाट मानिसहरुको व्यवहार परिवर्तन गर्ने उद्देश्यका शिक्षात्मक सन्देश फैलाउन प्रसारण गरिएका साविदोका धारावाहिकहरु अत्यन्तै लोकप्रिय बने । सन् १९७० को दशकताका त मेक्सिकोमा बसमा बसेका मानिसहरु हुन् वा कतै फुर्सदमा रहेकाहरु नै किन नहुन् उनीहरुका बीच जतातत‍ै साविदोका धारावाहिकहरुको चर्चा हुन थाल्यो ।

साविदोका धारावाहिकहरुको प्रभावकारिताका थुप्रै उदाहरणहरु छन् । साविदोले बनाएका परिवार नियोजनसम्बन्धी शिक्षा प्रसार गर्ने उद्देश्यका धारावाहिकहरुको उदाहरण लिँदै 'पपुलेसन मिडिया सेन्टर'ले आफ्नो वेभ साइटमा भनेको छ - टेलिभिजनमा मानिसहरुले साविदोको धारावाहिक 'एकम्पनाम् (Acompaname)' हेरेपछि मेक्सिकोमा २ हजार महिलाहरुले परिवार नियोजनमा स्वयंसेवीको रुपमा काम गर्न आफ्नो नाम दर्ता गराए । परिवार नियोजनका साधनको बिक्री २३ प्रतिशतले बढ्यो । परिवार नियोजनका क्लिनिकहरुमा हजारौं–हजार महिलाहरु जाँच गराउन भीड लागेको देखियो । परिवार नियोजनको जुन वृद्धिदर थियो त्यसलाई १०० प्रतिशत मान्दा यो वृद्धिदरमा ३४ प्रतिशतले कमी आयो । मेक्सिकोमा परिवार नियोजनका क्षेत्रमा भएको यस्तो उल्लेखनीय परिवर्तनले जनसंख्या वृद्धिदर रोक्न पुऱ्याएको महत्वपूर्ण योगदानको कदर गर्दै संयुक्त राष्ट्रसंघले मेक्सिकोलाई सन् १९८६ मा पुरस्कृत पनि गऱ्यो ।

साविदोको धारावाहिक नाटक निर्माणको प्रयत्नबाट प्रभावित भएर समाज परिवर्तनका लागि शिक्षात्मक मनोरञ्जनका धारावाहिकहरु बनाउने क्रम संसारका अरु पनि विभिन्न मुलुकहरुमा अगाडि बढ्दै गयो । शिक्षात्मक मनोरञ्जनका विज्ञद्वय अरविन्द सिङ्घल र राफेल ओब्रेगनले आफ्नो 'व्यावसायिक धारावाहिक नाटकको सामाजिक प्रयोग' भन्ने लेखमा उल्लेख गरेअनुसार भारतको टेलिभिजन शृङ्खला 'हम लोग' र 'हम राही', ताञ्जानियको 'ट्वन्डे ना वकाती (समयसँगै हिँडौं)', भारतकै रेडियो धारावाहिक 'तिन्का-तिन्का सुख' आदि साविदोकै प्रयत्नबाट प्रभावित भएर बनेका हुन् । ताञ्जानियाको 'ट्वन्डे ना वकाती' लाई आंशिक सहयोग गर्ने संयुक्त राष्ट्रसंघीय जनसंख्या कोषले सो धारावाहिकले मानव-जोडीहरुका बीच हुनुपर्ने आपसी सञ्चारलाई प्रोत्साहित गर्न खेलेको भूमिकालाई उल्लेख गर्दै धारावाहिकहरु शिक्षात्मक मनोरञ्जनका अत्यन्त प्रभावकारी माध्यम हुन सक्दछन् भन्ने कुराको यो प्रभावकारी उदाहरण हो भनेको छ। साविदोकै पद्धति र प्रयोगको प्रभावबाट 'जोहन्स हप्किन्स' विश्वविद्यालयले शिक्षात्मक मनोरञ्जनको आफ्नो पाठ्यक्रममा समेत परिवर्तन गऱ्यो । विकास सञ्चारशास्त्री इभर्ट एम. रोगर्सले त साविदोको प्रयत्नलाई विकास सञ्चारको क्षेत्रमा गएको आधा शताव्दी लामो समयको सबैभन्दा उल्लेखनीय 'आइडिया' भनेका छन् ।

## नेपालको सन्दर्भ

नेपालमा १९८५-८६ सालदेखि नै मानिसहरुले रेडियोसेट ल्याई विदेशबाट प्रसारण भएका रेडियो कार्यक्रमहरु फाट्टफुट्ट सुन्न थालेका अनुभवहरु उल्लेख भएका पाइन्छन् । नेपाली रेडियोकै कुरा गर्दा भने नेपाल ब्रोडकास्टिङको नाममा वि.सं. २००४ माघ १४ गतेदेखि तत्कालीन बिजुली अड्डाबाट गीत, भजन, कविता र बजार भाउ जस्ता जानकारी प्रसारण गरिएको *(शेखर पराजुली, २०६२)* भएपनि नियमित रुपमा कार्यक्रमहरु प्रसारण गर्ने पहिलो नेपाली रेडियो भने वि.सं. २००७ चैत २० गते शुरु भएको रेडियो नेपाललाई नै मानिन्छ, जसलाई त्यतिखेर 'प्रजातन्त्र नेपाल रेडियो' भनिन्थ्यो ।

शिक्षात्मक मनोरञ्जनको माध्यमका रुपमा प्रयोग हुनसक्ने रेडियो नाटकको शुरुवात चाहिँ रेडियो नेपालबाट २००८ साल वैशाख २३ गते आइतवारका दिन बिहान नौ बजे 'नारी प्रोग्राम' मा प्रसारण भएको

जनार्दन समद्वारा लिखित 'आमाको आशा' शीर्षकको नाटकबाटै भएको पाइएको छ (आधारः रेडियो नेपालको झङ्कार पत्रिका, वि.सं. २००८) तर मार्टिन चौतारीको 'मिडिया अध्ययन-५' मा प्रकाशित श्यामदास वैष्णवको 'मेरो सम्झनामा रेडियो नेपाल' शीर्षकको लेखमा भने उहाँले "रेडियो नेपालमा विशेषतः २००९ सालदेखि नाटक, रुपक प्रसारण हुन थालेको हो । रेडियोमा नाटक, रुपक गर्दा मूलतः आफ्नो समाजको, आफ्नो गतिविधिको अनुभवलाई आधार मानिन्थ्यो । 'धमिरा' मैले रचेको सबैभन्दा पहिलो रेडियो नाटक थियो । यो नाटकको आशय जसले अरुको आलोचना गर्छ, ऊ आफैंभित्र पनि कमजोरी छ भन्ने थियो । त्यसपछि जनार्दन समले 'आमाको आशा' सुनाउनु भयो" भन्ने उल्लेख छ ।

उल्लिखित कुराहरुले नेपालको कुन चाहिँ पहिलो रेडियो नाटक हो भन्ने तथ्यमा केही विवाद देखिए पनि नेपालमा नियमित रेडियो प्रसारण शुरु भएको एक-डेढ वर्षकै अन्तरालमा रेडियो नाटक पनि प्रसारण हुन थालेको पाइन्छ । मार्टिन चौतारीद्वारा प्रकाशित रेडियो नेपालको सामाजिक इतिहासमा प्रस्तुत 'रेडियो नेपालका कार्यक्रमः अर्धशताब्दीको समीक्षा' शीर्षकको लेखमा देवराज हुमागाईंले नेपाली रेडियो नाटकमा महत्वपूर्ण योगदान पुऱ्याएका मदनदास श्रेष्ठलाई उद्धृत गर्दै - २०१४ सालपछि रेडियो नाटकको स्तर र प्रभावकारितामा क्रमशः प्रगति भएको र २०२५ सालदेखि रेडियो नाटक नियमित प्रसारण हुन थालेको उल्लेख गरेका छन् । तर हुमागाईं आफैंले रेडियो नेपालको कार्यक्रमको इतिहासलाई पल्टाएर २०२९ सालदेखि मात्र रेडियो नाटककै नामबाट छुट्टै कार्यक्रमको रुपमा निश्चित वार र समयमा रेडियो नाटक प्रसारण हुन थालेको उल्लेख गरेका छन् । यही बेलादेखि रेडियो नेपालबाट प्रत्येक शनिवार आधा घण्टा रेडियो नाटक प्रसारण हुँदै आएको पाइन्छ तर यो धारावाहिक प्रसारण भने होइन । दशैंको बेला धार्मिक ग्रन्थमा आधारित नाटक प्रसारण गर्ने प्रचलन पनि नेपालमा पाइन्छ भने अन्य कतिपय रेडियो कार्यक्रमहरुमा पनि बीच-बीचमा नाटिकाहरु प्रस्तुत गर्ने चलन धेरै पहिलेदेखि चल्दै आएको छ ।

पहिले-पहिलेका दिनहरुमा रेडियो नेपालबाट आउने 'जेटिए र बुढी आमै' होस् या बीचका कम्युनिकेसन कर्नरको 'घाँटी हेरी हाड निलौं' र 'सेवा गरे मेवा पाइन्छ' अनि अनौपचारिक क्षेत्र सेवा केन्द्रको 'मानव अधिकार शिक्षा' कार्यक्रमअन्तर्गतको एउटा भागको रुपमा रहेको नाटिका 'मावली काका र मानव अधिकार नानी' शृङ्खला किन नहोस् लोकप्रिय नाटिकाहरु हुन् । एउटै उद्देश्यका र उनै पात्र एवम् उही विषयवस्तुका धारावाहिक नाटक भने नेपालमा कमैमात्र छन् । पछिल्लो समयमा आएर बी.बी.सी.को 'कथा मीठो सारङ्गीको' पनि निक्कै लोकप्रिय हुन थालेको छ तर सर्च फर कमन ग्राउण्ड र एन्टेना फाउन्डेसनको 'नयाँ बाटो नयाँ पाइला' रेडियो नाटक नै नेपालमा शिक्षात्मक मनोरञ्जनको उद्देश्य बोकेको अहिलेसम्मको नेपालको सबैभन्दा लामो धारावाहिक नाटकको रुपमा रहेको छ । हालसम्म यसका ५६६ शृङ्खलाहरु प्रसारण भइसकेका छन् । लोकप्रियताको आधारमा पनि यो धारावाहिक 'साथीसँग मनका कुरा' नामक कार्यक्रम पछिको सबैभन्दा लोकप्रिय रेडियो कार्यक्रमको रुपमा रहेको भनी सर्वेक्षणले देखाएको कुरा रेडियोकर्मी तोया घिमिरेले बताएका छन् ।

यो पुस्तिकाको सन्दर्भ पनि सर्च फर कमन ग्राउण्ड र एन्टेना फाउन्डेसनद्वारा आपसी साझेदारीमा शिक्षात्मक मनोरञ्जनको शैलीमा तयार पारिएको व्यवहार परिवर्तनमुखी धारावाहिक रेडियो नाटक 'नयाँ बाटो नयाँ पाइला' सँग नै सम्बन्धित रहेकाले यस पछिका परिच्छेदहरुमा सोही धारावाहिकको सन्दर्भका बारेमा चर्चा गरिएको छ ।

परिच्छेद-२

# धारावाहिक रेडियो नाटक 'नयाँ बाटो नयाँ पाइला'

*"बाङ्गेपीपलमा जस्तै हाम्रो गाउँमा पनि पानीको विषयमा माथिल्लो टोल र तल्लो टोलका बीच झगडा भइरहन्थ्यो । रेडियो नाटक 'नयाँ बाटो नयाँ पाइला'मा बाङ्गेपीपलको पानीको झगडा मिलाइएको कथा सुनेपछि मैले मेरो बुबालाई 'हाम्रो गाउँको पानीको झगडा पनि त्यसरी नै मिलाउन पाए हुन्थ्यो' भनें। गाउँका अरुहरुसँग पनि सरसल्लाह भयो। मुहानबाट दुईवटै टोलतिर लगिएका दुवै कुलोमा बराबर पानी जाने खालको स्थायी व्यवस्था मिलायौं । आजकल पानीको विषयमा हाम्रो गाउँमा झगडा हुँदैन ।"*

कैलालीको चौमालाकी २० वर्षीया सोना के.सी. रेडियो नाटक 'नयाँ बाटो नयाँ पाइला' सुनेर अभिप्रेरित भई गाउँको झगडा मिलाउन आफूले योगदान दिन सकेकोमा निक्कै खुशी देखिन्छिन् ।

सोनामात्र होइन बर्दियाको राजापुर क्षेत्र र कैलालीका विभिन्न गाउँमा स्थानीय युवाहरुसँग कुराकानी गर्दा र नेपालका अन्य भागका युवाहरुले लेखेर पठाएका परिवर्तनका अनुभवहरु पढ्दा रेडियो नाटक 'नयाँ बाटो नयाँ पाइला'ले ग्रामीण युवाहरुमा नयाँ सकारात्मक लहर नै सिर्जना गरेको पाइएको छ। जब उनीहरुले रेडियोमा यो नाटक सुने, उनीहरु आपसमा सङ्गठित हुन थाले । नाटकमा प्रस्तुत गरिएको युवाहरुको **'छिनोफानो क्लब'** बाट प्रभावित भएर आ-आफ्ना गाउँमा पनि उनीहरुले युवा क्लबहरु बनाए । नाटकमा युवाहरुले सिर्जनात्मक कामहरु गरेको सुनेर विभिन्न ठाउँमा उनीहरुले आफैं बाटोमा ग्राभेल हाले । बाढीबाट हुने कटान रोक्नका लागि तटबन्ध बनाए । खोलामा पुल हाले । लुकेका युवा प्रतिभाहरुलाई अगाडि ल्याए । आयआर्जनका उपायहरु खोज्दै आफ्नो युवा क्लबका लागि केही स्रोतहरु जम्मा गरे । र, सबैभन्दा ठूलो कुरा त उनीहरुले आफ्नो व्यवहारमा सकारात्मक परिवर्तन ल्याउँदै गाउँघरमा शान्ति निर्माणका लागि थुप्रै प्रत्यक्ष र अप्रत्यक्ष योगदान पनि दिए ।

माओवादी र तत्कालीन सरकारका बीच २०६२ सालसम्म चलेको एक दशकभन्दा लामो सशस्त्र द्वन्द्वबाट नेपालको ग्रामीण क्षेत्रमा व्याप्त त्रास र वैचारिक विभेदलाई चिर्दै एवम् अहिलेको संक्रमण कालमा मुलुकमा देखा परेको जातीय र क्षेत्रीय द्वन्द्वलाई पनि रेडियो नाटक 'नयाँ बाटो नयाँ पाइला' सुन्ने युवाहरुबीच आपसी विभाजनको कारक बन्नबाट रोक्दै ग्रामीण युवाहरु आपसमा मिलेर सङ्गठित भई अघि बढ्न थालेकाले शान्ति निर्माण प्रक्रियामा यसले सहयोग पुऱ्याइरहेको छ। 'शान्तिका लागि युवा सञ्जाल - बर्दिया' का अध्यक्ष प्रेम चौधरी भन्छन् - 'फरक पनलाई बुझी साझा हितका लागि काम गरौं' भन्ने 'सर्च फर कमन ग्राउण्ड'को अवधारणा र यसलाई समेटिएको रेडियो नाटक 'नयाँ बाटो नयाँ पाइला'ले ग्रामीण युवाहरु सकारात्मक सोच र सोही अनुरुपको व्यवहारतर्फ अभिमुख भएका छन् ।

'सर्च फर कमन ग्राउण्ड' र 'एन्टेना फाउण्डेसन नेपाल' ले उत्पादन गरेको धारावाहिक रेडियो नाटक 'नयाँ बाटो नयाँ पाइला' २०६३ साल साउन १६ गतेदेखि नियमित रुपमा प्रसारण हुँदै आएको छ । रेडियो नेपालबाट देशका अधिकांश भागमा सुनिने एवम् विभिन्न क्षेत्रका ४० वटाभन्दा बढी स्थानीय एफ.एम. रेडियोहरुबाट प्रसारण हुने 'यो नाटक गाउँघरमा अत्यन्तै लोकप्रिय रहेको' सामुदायिक रेडियो रोल्पाका स्टेशन म्यानेजर घनश्याम आचार्यले बताए । बीचमा यो नाटकका आगामी शृङ्खला आइनपुग्दा श्रोताको दवाबका कारण पुरानै शृङ्खला भएपनि प्रसारण गर्न रेडियो रोल्पा बाध्य भएको आचार्यको कथन छ । यसले पनि यो नाटकको लोकप्रियतालाई झल्काउँदछ।

सर्च फर कमन ग्राउण्डका अनुसार शुरुमा युरोपियन युनियन त्यसपछि बेलायत सरकारको अन्तर्राष्ट्रिय सहयोग निकाय (डी.एफ.आई.डी.) र पछिल्ला दिनहरुमा बेल्जीयम सरकारबाट प्राप्त भएको आर्थिक सहयोगबाट उत्पादन तथा प्रसारण गरिएको यो नाटक देशमा भएको शान्ति प्रक्रियासँगसँगै शान्ति प्रवर्द्धनका लागि युवाहरुको प्रत्यक्ष संलग्नतालाई स्थानीय तथा राष्ट्रिय स्तरमा अभिप्रेरित गर्ने उद्देश्यका साथ शुरु गरिएको हो ।

नाटकले मध्यपश्चिम नेपालको रोल्पा जिल्लाको एउटा काल्पनिक गाउँ 'बाङ्गेपीपल' को परिवेशलाई नेपाली ग्रामीण जनजीवनको प्रतिनिधिका रुपमा चित्रण गरेको छ। त्यही गाउँलाई आधार मानेर यस धारावाहिक रेडियो नाटकको कथावस्तु अगाडि बढाइएको छ। झट्ट हेर्दा यो नाटक पहाडी परिवेशमा तयार गरिएको भएपनि तराईका गाउँहरुमा समेत उत्तिकै उत्सुकता, चासो र मनोरञ्जनमूलक ढङ्गले सुन्ने गरेको पाइन्छ।

सर्च फर कमन ग्राउण्ड र एन्टेना फाउण्डेसन नेपालले प्रकाशन गरेको 'धारावाहिक रेडियो नाटक नयाँ बाटो नयाँ पाइलाः छलफल निर्देशिका' का अनुसार नेपालका १४ देखि २४ वर्षसम्मका युवाहरुलाई लक्षित गरी तयार पारिएको यस नाटक शृङ्खलाले विशेषगरी निम्न चारक्षेत्रमा युवाहरुको व्यवहार परिवर्तन गर्न सघाउने उद्देश्य बोकेको छ :

- युवाहरुलाई आफ्ना अगाडि आइपर्ने विभिन्न विकल्पहरुप्रति कसरी प्रतिक्रिया जनाउने भन्ने कुराको विश्लेषण गर्न सघाउने,
- द्वन्द्वका वास्तविक कारणहरुलाई सम्बोधन गर्न ग्रामीण भेगका युवाहरुलाई स्थानीय स्तरमा सङ्गठित हुन अभिप्रेरित गर्ने,
- निर्णय प्रक्रियामा युवाहरुको प्रतिनिधित्व र नेतृत्व विकास गर्न सघाउने, एवम्
- व्यक्तिगत तथा सामुदायिक स्तरमा विवादहरुको रोकथाम र निवारणका लागि युवाहरुलाई सम्वाद र छलफल जस्ता उपायहरु प्रयोग गर्न अभिप्रेरित गर्ने ।

पछिल्ला दिनहरुमा त नाटकले लोकतान्त्रिकीकरण र संविधान निर्माण प्रक्रियामा युवाहरुको सहभागितालाई स्थानीय तथा राष्ट्रिय स्तरमा अभिप्रेरित गर्ने दृष्टिकोण पनि लिएको पाइन्छ । विभिन्न ढङ्गले विभाजित पक्षहरुलाई एकै ठाउँमा ल्याई समाधान खोज्न युवा र वयस्कहरुले पनि एक-आपसमा सहकार्य गर्ने प्रक्रियाका लागि नाटकले अभिप्रेरणा प्रदान गर्ने गरेको छ। यसैगरी स्थानीय स्तरमा युवाहरुले समावेशी रुपमा सङ्गठित भई आफ्ना सवालहरुको कार्यान्वयनका लागि सक्रिय हुनेतर्फ आफ्नो व्यवहार परिवर्तन गरुन् भन्ने सोच यस नाटकमा भेटिन्छ। यस नाटक निर्माणका लागि तयार पारिएको अवधारणा-पत्रमा भनिएको छ -'शान्ति स्थापना प्रक्रियाका सबै तहमा युवाहरुलाई सहभागी गराएर सशक्त प्रभाव छोड्नु नै कार्यक्रमको मुख्य सन्देश हुनेछ।'

उल्लिखित निर्देशिकाका अनुसार यस धारावाहिक रेडियो नाटक 'नयाँ बाटो नयाँ पाइला' सुनेर त्यसबाट युवाहरुले आफ्नो धारणा निम्नानुसार बनाउनेछन् भन्ने अपेक्षा गरिएको छ

- युवाहरुले विविधतामा शक्ति हुन्छ भन्ने कुरा आत्मसात गर्नेछन्,
- विभाजित पक्षहरुलाई एकै ठाउँमा ल्याई समाधान खोज्न सकिन्छ भन्ने विश्वास गर्नेछन्,
- स्थानीय स्तरका सवालहरुलाई सम्बद्ध सबै तहमा पुऱ्याउन युवाहरु आपसमा सङ्गठित हुनुपर्छ भन्ने कुरा महसुस गर्नेछन्, र
- आफ्ना समस्या र मुद्धाहरुको पहिचान र समाधान आफ्नै अगुवाइमा हुनुपर्छ भन्ने दृष्टिकोण आत्मसात गर्नेछन् ।

## नाटकको मूल कथा

प्रत्येक शृङ्खला १५ मिनेटको हुनेगरी तयार पारिएको यो धारावाहिक रेडियो नाटक 'नयाँ बाटो नयाँ पाइला'मा एस.एल.सी.मा तेस्रो श्रेणीमा उत्तीर्ण भएका शहरी युवा सन्देश शर्मा आफू त अमेरिका जाने सपना देखिरहेका हुन्छन् तर यथार्थमा भने आफ्ना बुबाको करमा स्वास्थ्यकर्मीको अनुभव बटुल्न एकजना घनिष्ट साथी प्रकाश लिम्बुलाई लिएर आफ्नो पुर्ख्यौली गाउँ बाङ्गेपीपल पुग्छन् । बाङ्गेपीपलमा विभिन्न किसिमका प्रवृत्ति र अवस्था भएका मानिसहरुसँग उनीहरुको दैनिकी शुरु हुन्छ । सबैभन्दा पहिले त यी दुवै अपरिचितहरुलाई गाउँमा बास पाउनै मुश्किल हुन्छ । हिँड्दा-हिँड्दा गलेर लखतरान भएका उनीहरुलाई कुकुरले पनि झम्टिन्छ । उनीहरुको सातोपुत्लो उड्छ । कसोकसो उनीहरु सानीमायाको भट्टी पसलमा पुग्छन् । सानीमायाले उनीहरुसँग पैसा नभएको थाहा पाएपछि त्यहाँबाट पनि लखेट्दा भागेर एउटा भैंसी गोठमा पुग्छन् र भैंसीकै छेउमा सुतेर उनीहरु रात बिताउँछन् । त्यो भैंसी गोठ नै दश वर्षे सशश्त्र द्वन्द्वले गर्दा बन्द भएको गाउँको उपस्वास्थ्य चौकी हुन्छ । गाउँलेहरुले सन्देश शर्मा सोही उपस्वास्थ्य चौकीका सहायक स्वास्थ्यकर्मीको रुपमा काम गर्न आएका हुन् भन्ने थाहा पाउँछन् र स्वागत गर्छन् । सन्देश उपस्वास्थ्य चौकी सञ्चालन गर्न थाल्छन् । प्रकाशले पनि उनलाई सघाउँछन् ।

युवाहरुका लागि लक्षित यस धारावाहिकको मूलकथाको रुपमा प्रेमप्रसङ्ग नै अगाडि आएको पाइन्छ । सन्देशलाई शुरुमा बाङ्गेपीपलको भट्टी पसलकी सानीमायाकी छोरी जुनेली अर्थात् जेनीले मन पराउन थाल्छिन् । अर्की युवती पुष्पाले भने शत्रुकै जस्तो व्यवहार गर्छिन् । पुष्पा दशवर्षे सशश्त्र द्वन्द्वका क्रममा आफ्ना बाबु मारिएपछि समय-समयमा विक्षिप्त हुने गरेकी हुन्छिन् । तर बिस्तारै पुष्पा र सन्देशका बीच मित्रता हुन्छ र त्यो पछि गएर प्रेममा परिणत हुन्छ । गाउँमा पण्डितका छोरा दीपक गाउँकै असाध्यै विपन्न दलितकी छोरी राधालाई एकोहोरो प्रेम गर्छन् । यस कारण राधाले निक्कै तनाव व्यहोर्नु परिरहेको हुन्छ । पछिल्ला शृङ्खलामा देखा परेका मूलपात्र शरद र दुर्गाका बीच पनि प्रेम सम्बन्धलाई नै अगाडि बढाइएको छ ।

नाटकमा गाउँघरमा पाइने मानिसहरुका पृथक चरित्र र प्रवृत्तिहरु राम्रोसँग दर्शाइएका छन् र लक्ष्य चाहिँ नकारात्मक चरित्र र प्रवृत्ति अन्ततः सकारात्मक रुपमा परिवर्तित हुने कुरातर्फ केन्द्रित छ । दीपक शुरुमा गाउँकै जँड्याहाको रुपमा चिनिएका हुन्छन् । गाउँका शिक्षक चन्द्रसर आफ्नो व्यक्तिगत स्वार्थका लागि जे पनि गर्न तयार हुने खालका व्यक्ति हुन् । उनी गाउँमा भइरहेका सकारात्मक प्रयत्नहरुलाई आफ्नो स्वार्थसिद्धिका लागि भाँड्ने प्रयत्न गर्छन् । चन्द्रका भाइ प्रभात असल स्वभावका हुन्छन् र लोकसेवा आयोग पास गरेर सरकारी जागिर खान इच्छुक हुन्छन् तर बारम्बार उनी असफल बन्दछन् । पछि गएर उनले जिल्ला विकास समितिमा जागिर पाउँछन् । गाउँमा सकारात्मक सोच भएकी र सबैले मान्ने गरेकी एउटी बज्यै पनि छिन् । उनी असल कामका लागि सबैलाई प्रोत्साहित गरिरहेकी हुन्छिन् ।

माओवादी सशश्त्र द्वन्द्वपछि गाउँघरमा देखिएको परिवेशलाई सकारात्मक मोड दिन नाटकले विशेष प्रयत्न गरेको छ । नाटकका पात्र कमरेड वर्तमान गाउँका असल स्वभावका माओवादी नेता हुन् । सशश्त्र द्वन्द्वका कारण गाउँबाट विस्थापित भएकाहरुलाई गाउँ फर्कने क्रममा कमरेड वर्तमानले सकारात्मक व्यवहार गर्छन् । जसबहादुर माओवादी द्वन्द्वका कारण विस्थापित बनेर पछि गाउँ फर्केका व्यक्ति हुन् । सशश्त्र द्वन्द्वको बेला अपाङ्ग बनेकी किशोरी कमला, शुरुमा बाल सैन्य छापामार भएर पछि गाउँ फर्केका किशोर खड्ग लगायत गाउँका थुप्रै युवाहरु गाउँको छिनोफानो युवा क्लबमा सङ्गठित भएर सामाजिक एवम् अन्य विकास गतिविधिहरु र शान्ति निर्माणका काममा संलग्न हुन थाल्छन् ।

गाउँका युवतीलाई झुक्याएर विवाह गर्ने र पछि छाडिदिने प्रवृत्तिको शिकार बनेकी जेनी, दलालले झुक्याएर भारतमा बेच्न नेपालगञ्जसम्म पुऱ्याइएकी पुष्पा, गाउँका युवाहरुसँग मिलेर सकारात्मक काममा संलग्न हुने सन्देश र प्रकाश लगायत अरु पनि थुप्रै ग्रामीण पात्रहरु एवम् तिनका चरित्र र प्रवृत्तिहरुको सेरोफेरोमा यो रेडियो नाटक 'नयाँ बाटो नयाँ पाइला' अगाडि बढेको छ । नाटकमा समयक्रमसँगै विभिन्न भूमिकामा नयाँ-नयाँ पात्रहरु पनि देखा पर्ने गरेका छन् ।

नाटकका एउटा मूल पात्र सन्देशपछि जनआन्दोलनमा आँखामा गोलीको छर्रा लागेर घाइते भएका मगर जातिका शरद भन्ने पात्र र माओवादी सेनामा अयोग्य ठहरिएकी ब्राह्मण जातिकी दुर्गा गाउँ आउँछन् । दुवैको बीचमा प्रेम झाङ्गिन थाल्छ । शरद विद्यालयमा पढाउँछन् भने दुर्गा पनि सोही विद्यालयमा पढ्न थाल्छिन् । उनीहरु दुवै क्लबमा पनि आबद्ध हुन्छन् । उनीहरुको प्रेमको सन्दर्भले अन्तरजातीय द्वन्द्व सिर्जना गर्दछ । उनीहरुका परिवारमा खिचातानी शुरु हुन्छ तर अन्ततः परिवारको सहमतिमै उनीहरु दुवैबीच विवाह हुन्छ । यसैगरी दलित समुदायकी उत्पीडित युवती राधाका दाजु शेरबहादुर खलपात्रको रुपमा देखा पर्दछन् । विदेशबाट थुप्रै धन कमाएर ल्याएको भनी उनी निक्कै फूर्ति लडाउँछन् र गाउँमा जग्गा किन्न खोज्दछन् । यस प्रसङ्गमा दलितलाई जग्गा बेच्ने कि नबेच्ने भन्ने अर्को द्वन्द्व शुरु हुन्छ तर पछि गएर कुरा मिल्छ । शेरबहादुरले वास्तवमा विदेशबाट धन कमाएर ल्याएको नभई काठमाडौंबाट चोरी गरेर भागेको कुरा पछिमात्र थाहा हुन्छ । उनी पक्राउ पर्छन् । पक्राउ परेपछि आफ्नी बहिनी राधा पनि रोएपछि उनलाई आफूले नराम्रो काम गरेको र यस्तो गर्नु हुँदैन थियो भन्ने अनुभूति हुन्छ । यसबाट उनको स्वभावमा परिवर्तन आउँछ । नाटकमा फूटबल टीम पनि गठन हुन्छ र यसको माध्यमबाट गाउँमा गाउँलेहरु मिल्दा र नमिल्दा के कस्ता परिणामहरु आउन सक्दछन् भन्ने कुरासमेत समेटिएको छ ।

नाटकले विभिन्न प्रकारका द्वन्द्व, द्वन्द्वबाट विस्थापितहरुका समस्या, द्वन्द्वरत पक्षहरुबाट कब्जा गरिएको सम्पत्ति फिर्ताको सवाल, द्वन्द्वबाट लामो समयसम्म मानसिक र भौतिक रुपमा परेको असर र द्वन्द्व समाधान र रुपान्तरणको जमर्कोलाई आफ्नो कथावस्तुमा प्रभावकारी ढङ्गले समेटेको छ । फरक-फरक युवाका फरक-फरक रुचि, चरित्र, व्यवहार र प्रवृत्तिलाई दर्शाउँदै तयार पारिएको यस नाटकमा वैदेशिक रोजगारी र जागिरप्रतिको युवाहरुको आकर्षण, उद्यमशिलताका प्रयत्न अनि प्रेम र संवेगका प्रसङ्ग त अटाएकै छन्, ग्रामीण क्षेत्रमा रहेको अन्तर-पुस्ता सम्बन्ध, छुवाछूत, अन्धविश्वास, कुरीति, गाउँघरमा हुने झगडा र मेलमिलापका प्रयत्न, चेलिबेटी बेचबिखन, महिला हिंसा, गर्भपतनको समस्या, गरिबीले आक्रान्त जनजीवन, जीवनयापनका लागि गरिने गरेका कठिन संघर्ष, दलित लगायत पछाडि पारिएका वर्गमाथिको विभेद र थिचोमिचो जस्ता कुराहरुलाई पनि नाटकले प्रस्तुत गरेको छ । गाउँघरमा कसैको निहित स्वार्थ परिपूर्तिका लागि युवाहरुलाई भाँड्ने प्रयत्न र राजनीतिक स्वार्थका कारण हुने चलखेल पनि नाटकमा समेटिएको छ । यस्तो परिवेशमा नाटकीय गाउँ बाङ्गेपीपलका युवाहरुमा बेलाबेलामा विचलन आउन खोज्छ तर उनीहरु सम्हालिन्छन् र एक-अर्कालाई बुझ्दै र सघाउँदै साझा हित र सकारात्मक परिवर्तनका लागि अगाडि बढ्दछन् । अन्तर–पुस्ता सम्वादका आधारमा विभिन्न उमेर समूहका बीचको अन्तरक्रियालाई पनि नाटकमा स्थान दिइएको छ । समग्रमा भन्ने हो भने यो नाटकले वर्तमान समयको एउटा प्रतिनिधिपूर्ण र प्रगतिशील नेपाली गाउँ र त्यहाँको परिवेश र प्रवृत्तिलाई सशक्त रुपमा समेटेको छ ।

## नाटकका लागि पाठ्य-निर्माण सम्मेलनबाट तय गर्ने उद्देश्यको नमूना

रेडियो धारावाहिक नाटक नयाँ बाटो नयाँ पाइला निर्माण गर्नुअघि आगामी शृङ्खलाहरुले कस्तो किसिमको शिक्षात्मक सन्देश प्रसार गर्नेछन् भन्ने कुरा निश्चित गर्न नाटक निर्माणमा संलग्न टोलीले पाठ्य-निर्माण सम्मेलनबाट तय गर्ने उद्देश्यको नमूना।

## अन्तरिम पाठ्यक्रम

**व्यवहार परिवर्तनको उद्देश्य**

- युवाहरुले वयस्कहरुसँग सहकार्य गर्दै सबै स्तरका निर्णय प्रकृयामा नेतृत्व लिन थाल्नेछन्।

**धारणा परिवर्तनको उद्देश्य**

- युवाहरुले निर्णय प्रकृयामा युवा र वयस्कहरुको सहकार्यको महत्व आत्मसात गर्नेछन्।
- युवाहरुले वयस्कसँग सहकार्य गरी निर्णय गर्दा कार्यान्वयन सजिलो हुन्छ भन्ने विश्वास गर्नेछन्।
- युवाहरुले आफूहरु वयस्कहरुबाट उनीहरुको स्वार्थका निम्ति प्रयोग हुनुहुन्न भन्ने विश्वास गर्नेछन्।
- वयस्कहरुको नजरमा युवाहरु उत्तरदायी हुनेछन्।

**ज्ञानजन्य उद्देश्य**

- युवाहरुले पुस्ता–अन्तर र वैचारिक मतभेद सामान्य हो भन्ने बुझ्नेछन्।
- युवाहरुले वयस्कहरुसँग सहकार्य गर्ने तरिकाहरु जान्नेछन्।
- युवाहरुले गलत प्रयोग तथा सहभागिताको फरक जान्नेछन्।
- वयस्कहरु तथा युवाहरुले उनीहरुबीचको अनुभव र शक्तिले सकारात्मक परिणाम हासिल गर्छ भन्ने बुझ्नेछन्।
- वयस्कहरुले युवाहरुको नेतृत्वमा अहिले लगानी गरे, भविष्यमा उनीहरु अझ प्रभावकारी नेता हुनेछन् भन्ने कुरा बुझ्नेछन्।

## नाटक निर्माण प्रक्रिया

सबैभन्दा पहिले यो नाटक निर्माणको प्रारम्भिक सोचकै कुरा गरौं। यस सन्दर्भमा नाटकका शुरुका क्रिएटिभ प्रोड्युसर तोया घिमिरे र यस नाटकमा शुरुदेखि अहिलेसम्म काम गरिरहेका अभिमन्यू निरवीसँग छुट्टाछुट्टै कुराकानी गरिएको थियो। उहाँहरुका अनुसार नेपालमा माओवादी र तत्कालीन सरकारका बीच सशश्त्र द्वन्द्व भइरहेकै बेला अर्थात् शान्ति सम्झौता हुनुभन्दा ठीक अगाडि द्वन्द्व रुपान्तरणका लागि काम गर्ने अन्तर्राष्ट्रिय गैरसरकारी संस्था सर्च फर कमन ग्राउण्ड र द्वन्द्व रुपान्तरणका लागि आमसञ्चार मार्फत् योगदान पुऱ्याइरहेको एन्टेना फाउन्डेसन नेपालका बीच कुराकानी भई द्वन्द्व रुपान्तरण र शान्ति निर्माणका लागि एउटा धारावाहिक

रेडियो नाटक प्रसारण गर्ने सोच आएको हो। यसै सोचको आधारमा युवाहरुको सहभागिताबाट शान्ति निर्माण गर्ने उद्देश्यले प्रस्ताव तयार पारी पेश गरेपछि युरोपियन युनियनबाट आर्थिक सहयोग पनि प्राप्त भयो। प्रारम्भमा यस नाटकलाई अगाडि बढाउन पुरानै वा स्थापित नाट्यकर्मीहरुको साटो नयाँ युवाहरुलाई साथ लिने निर्णय गरियो। जसका आधारमा सबैभन्दा पहिले इच्छुक नयाँ पुस्ताको सिर्जनात्मक कथा लेखन क्षमता हेर्न कथावस्तु माग गरियो। यस आह्वानका आधारमा एन्टेना फाउण्डेसनमा चारसयभन्दा बढी युवाका कथाहरु प्राप्त भए। ती मध्येबाट १५ जना युवालाई छानेर द्वन्द्व रुपान्तरण र धारावाहिक रेडियो नाटकसम्बन्धी तालिम दिइयो। यस तालिममा भाग लिनेमध्ये छ जनालाई छानेर रेडियो नाटक 'नयाँ बाटो नयाँ पाइला'को कथावस्तु तयार पार्ने लेखकको टीम तयार पारियो। यस प्रसङ्गमा सर्च फर कमन ग्राउण्डले उपलब्ध गराएका सहजकर्ताद्वय फ्रान्सिस रोल्ट र माइकल सिप्लरको योगदान पनि महत्वपूर्ण रहेको पाइन्छ। उनीहरुले पत्रकार र युवाहरुसँग द्वन्द्व रुपान्तरण र शान्ति निर्माणका लागि युवाहरुको के कस्तो भूमिका हुन सक्दछ भन्ने बारेमा छलफल चलाउनुका साथै द्वन्द्व रुपान्तरणका लागि कसरी धारावाहिक नाटक तयार पारिनु पर्दछ भन्ने ज्ञान र सीप बाँडेका थिए।

नाटक लेखनका लागि यसरी प्रशिक्षित युवाहरुले रोल्पाको ग्रामीण क्षेत्रको भ्रमण पनि गरे। भ्रमणको क्रममा उनीहरुले ग्रामीण समुदायसँग परिचित हुने मौका त पाए नै गाउँमा रहेका विभिन्न पात्र र तिनका चरित्रलाई पनि मनन् गरे। उनीहरुले द्वन्द्वले ग्रामीण जीवनलाई कसरी प्रभाव पारेको छ र त्यसबाट के कस्ता परिणाम र प्रक्रियाहरु सिर्जना भएका छन् भन्ने पनि थाहा पाए। द्वन्द्वका कारण घाइते भएका मानिस र तिनका परिवारको मनोदशालाई पनि उनीहरुले महसुस गरे। ग्रामीण क्षेत्रमा पाइने प्राकृतिक आवाजहरु पनि नाटकमा प्रयोग गर्नका लागि उनीहरुले संकलन गरे। यसले गर्दा उनीहरुलाई नाटक कस्तो हुनुपर्छ, त्यसमा के कस्ता कुराहरु कसरी समेट्नु पर्दछ र कथा कसरी अगाडि बढाइनु पर्दछ भन्ने पर्याप्त ज्ञान हासिल भयो जसका आधारमा उनीहरुलाई नाटक लेखन कार्यमा ठूलो मद्दत मिल्यो।

यस रेडियो नाटक 'नयाँ बाटो नयाँ पाइला'का विभिन्न शृङ्खलाहरुलाई अगाडि बढाउने क्रममा श्रोताहरुबाट प्राप्त सुझावहरुलाई पनि अर्को एउटा मूल आधारको रुपमा लिने काम गरियो। विशेष रुपमा तयार पारिएको यस नाटकको १०० औं शृङ्खलामा तोया घिमिरे आफ्ना श्रोताहरुलाई भन्छन् - "यस धारावाहिक रेडियो नाटक नयाँ बाटो नयाँ पाइलामा अब के होला त ? यस प्रश्नको उत्तर हामीसँग होइन, तपाईंसँग छ। यस धारावाहिकमा उठाइएका सबै कथाहरु, घटना तथा अवस्थाहरु तपाईंहरुले दिनुभएका जानकारीका आधारमा नै तयार पार्ने गरिएका छन्। हामीलाई तपाईंले आफ्ना गाउँ-ठाउँमा भएका युवासँग सम्बन्धित जुनसुकै कुराहरु पनि पठाउन सक्नुहुन्छ। हामी त्यसलाई नाटकीय रुपमा ढालेर प्रसारण गर्छौं।" १०० औं शृङ्खलामा मात्र नभई यस्तो सन्देश नाटकका बीच-बीचका अन्य शृङ्खलाहरुमा पनि प्रसारण गर्ने गरेको पाइन्छ। यस्ता आह्वानका आधारमा समेत नाटकको कथावस्तुलाई अगाडि बढाउन श्रोताहरुको उल्लेखनीय सहभागिता प्राप्त हुन सकेको छ। अभिमन्यू निरवी भन्छन् - 'हामीले यस नाटकका सिलसिलामा प्रत्येक महिना सरदर ५० भन्दा बढी श्रोताका पत्रहरु प्राप्त गर्ने गरेका छौं र तिनले हामीलाई कथाक्रम अगाडि बढाउन ठूलो सहयोग पुऱ्याएका छन्।' नाटक लेखकहरुको टोलीमा रहेकाहरुमध्ये कसैले छोड्दै र कोही थपिँदै गएपनि अभिमन्यु निरवी भने शुरुदेखि अहिलेसम्म यसैमा निरन्तर काम गरिरहेका व्यक्ति हुन्।

एन्टेना फाउण्डेसनमा भेट भएका अभिमन्यू लगायत यसमा संलग्न व्यक्तिहरुसँगको सामूहिक छलफलमा बताइएअनुसार श्रोताका पत्रहरुको अलावा नाटक निर्माणका लागि आवश्यक सन्दर्भहरु खोज्न स्थलगत भ्रमण

पनि गर्ने गरिएको छ । सर्च फर कमन ग्राउण्डका विभिन्न जिल्लामा कार्यरत कर्मचारी र सहजकर्ताहरुले पनि स्थानीय युवाहरुलाई नाटक सुन्न उत्साहित तुल्याउने र उनीहरुका प्रतिक्रियाहरु नाटक निर्माण टोलीसम्म पुऱ्याउने महत्वपूर्ण भूमिका खेलिरहेका छन् । सर्च फर कमन ग्राउण्डका सहकर्मीहरु र एन्टेना फाउन्डेसनका अग्रज एवम् सहकर्मीहरुले पनि बेलाबेला महत्वपूर्ण सुझाव र सल्लाहहरु प्रदान गर्ने गरेका छन् । मुलुकका समसामयिक सन्दर्भहरु पनि नाटकमा प्रस्तुत गरिने कथावस्तुका स्रोतहरु हुन् । यस्ता स्रोतहरुबाट प्राप्त जानकारीका आधारमा कथाको रुपरेखा तयार पार्न नाटक निर्माणमा संलग्न व्यक्तिहरुका बीच आगामी शृङ्खलाहरुको उद्देश्य र सोको आधारमा कथावस्तुको मूल रुपरेखा तयार गर्न पाठ्य-निर्माण सम्मेलन (Curriculum Summit) गर्ने गरिन्छ । नाटकको कथावस्तुमा के कस्ता कुराहरु राख्ने भन्ने बारेमा विषय समिति (Content Committee) मा पनि छलफल हुने गर्दछ । यस समितिमा मूलतः सर्च फर कमन ग्राउण्ड र एन्टेना फाउण्डेसनका सम्बद्ध व्यक्तिहरु रहन्छन् भने आवश्यकताअनुसार अन्य साझेदार संस्थाका प्रतिनिधिहरु र बाह्य स्रोत-व्यक्ति (विज्ञ)हरु समेत बोलाइन्छन् । यस समितिमा विगतका शृङ्खलाहरुका आधारमा पृष्ठपोषण प्रदान गर्ने र आउँदा शृङ्खलाहरुको कथावस्तु (Story–line) कसरी अगाडि बढाउने भन्ने बारेमा विशेष छलफल हुने गर्दछ । यिनै कुराहरुका आधार मा कथाहरु बुन्ने र नाटकको पटकथा (Script) तयार पार्ने गरिन्छ । त्यसपछि सो पटकथाकै आधारमा नाटक 'रेकर्ड' गर्ने गरिएको छ । यस प्रक्रियाले नाटक निर्माणको काम निक्कै सहभागितामूलक रहेको देखाउँछ ।

नाटकको पटकथा तयार पारेपछि त्यसअनुरुप अभिनय गरी रेकर्ड गर्ने क्रममा कलाकारहरुको भूमिका पनि महत्वपूर्ण हुने हुन्छ । यस नाटकमा अभिनय गर्ने कलाकारहरुको छनोटमा पनि 'पुरानै स्थापित व्यावसायिक कलाकारहरु भन्दा त्यस्ता कलाकारहरुलाई छानियो जसले अभिनय गर्दा अभिनयमा नाटकियता ल्याउनु नपरोस् बरु उनीहरुको स्वाभाविक आवाज र लवज नै कथाको पात्रसँग मिल्दो होस्' - तोया घिमिरे बताउँछन् । उनी थप्छन् - 'हामीले कलाकारहरु छान्दा आरोहण लगायत विभिन्न नाट्य समूह र केही सांस्कृतिक समूहहरुसम्म पुगेर त्यहाँ काम गर्ने कलाकारहरुसँग व्यक्तिगत कुराकानी गर्दै नाटकमा अभिनय गर्न इच्छुकहरुलाई सोका लागि आह्वान गऱ्यौं । यस प्रक्रियाबाट करिब अढाईसय मानिसहरु अभिनयका लागि इच्छुक देखिए र उनीहरुको जाँच (Audition) लियौं । तिनबाट ३० जना कलाकारलाई छनौट गऱ्यौं ।' यसरी छनौट भएका कलाकारहरुले लेखकहरुको टीमले तयार पारेको स्क्रिप्टका आधारमा रेकर्ड गरी नाटक तयार पार्ने काम गर्ने गरेका छन् ।

यो नाटक निर्माणको क्रममा एकजना उत्पादन निर्देशक, केही लेखकहरु, विषयवस्तु अन्वेषकहरु, थुप्रै कलाकारहरु र विभिन्न जिल्लामा रहेका सम्पर्क व्यक्तिहरु (हाल जिल्ला-जिल्लामा रहेका सर्च फर कमन ग्राउण्डका कर्मचारी) गरी दर्जनौं मानिसहरु लागि परेका छन् ।

परिच्छेद–३

# नाटकको प्रभावबाट सिर्जना भएका परिवर्तनका कथाहरु

सर्च फर कमन ग्राउण्डको सहजीकरणमा गाउँ-गाउँमा सक्रिय रहेका युवाहरुले पठाएका प्रतिवेदनहरु, एन्टेना फाउण्डेसनमा यो नाटक निर्माणमा संलग्न युवाहरुले बेला-बेला गर्ने गरेका स्थलगत भ्रमणबाट प्राप्त जानकारी, शान्तिका लागि युवा सञ्जालमा आबद्ध युवाहरुका अनुभव, नाटक सुन्ने श्रोताले गर्ने गरेका टेलिफोन र पठाउने गरेका पत्रजस्ता विभिन्न माध्यमहरुका साथै बर्दियाको राजापुर क्षेत्र र कैलालीका केही गाउँहरुमा रेडियो नाटक 'नयाँ बाटो नयाँ पाइला'को प्रभाव थाहा पाउन २०६७ साल असारमा यस लेखकद्वारा गरिएको भ्रमणका बेला यस नाटकको अभिप्रेरणाका कारण हासिल भएका थुप्रै सकारात्मक परिवर्तनका कथा (Case Study) हरु प्राप्त भएका छन् ।

यसरी प्राप्त भएका सकारात्मक परिवर्तनका कथा अर्थात् घटना–अध्ययनहरुमध्ये केहीलाई यस परिच्छेदमा सङ्क्षिप्त रुपमा प्रस्तुत गरिएको छ ।

अगाडि बढ्ने प्रेरणा

## पढ्न नपाएकी रुपिका प्रशिक्षकसमेत बनिन्

असार महिनाको दिन । हप्तौं अघिदेखि बर्दियाको राजापुर क्षेत्रमा पानी पर्न सकेको थिएन । हामी खल्खली पसिना काढ्दै गर्मीले हायल-कायल थियौं । केही गर्ने जाँगर थिएन । तर राजापुरको मनाउ-५ की २० वर्षीया रुपिका चौधरीको भने कुरै बेग्लै । उनी निक्कै जाँगरिली र उत्साहित थिइन् । कहिले गाउँमा आएका अतिथिहरुको खानपीनमा जुट्थिन् त कहिले कार्यक्रम स्थलमा मञ्च निर्माणको काममा सघाइरहेकी हुन्थिन् । कतै कुनै कुरामा त्रुटी नहोस् भनेर उनी चनाखो थिइन् । रुपिकाको गाउँमा रेडियो धारावाहिक नाटक 'नयाँ बाटो नयाँ पाइला' सुनेर व्यवहारमा परिवर्तन ल्याएकाहरुको सम्मान कार्यक्रम आयोजना हुँदै थियो ।

"रुपिका त रेडियो नाटक 'नयाँ बाटो नयाँ पाइला' सुन्न थालेपछि सामाजिक काममा सधैं यस्तै हो । असाध्यै सक्रिय । ऊ भएपछि हामीलाई पनि ढुक्कै । सबै सम्हाल्छिन् । तर बिचरा, एक अक्षर पनि पढ्न पाइनन्, के गर्ने ?" हामीसँगै बसेका रुपिकाका एकजना साथीले सुनाए ।

रुपिकाको घरको आर्थिक स्थिति कमजोर भएकाले उनको किशोर अवस्था आफ्नो गाउँ–ठाउँभन्दा टाढाको दाङ जिल्लामा अर्काको घरमा काम गरेर बित्यो । त्यहाँ उनलाई कसैले नराम्रो व्यवहार त गरेनन् तर प्रायः सबै घरायसी काम सम्हाल्नु पर्ने भएकाले उनले पढ्ने अवसर पाइनन् । रुपिका पाँच–छ वर्ष अघि आफ्नै गाउँ फर्किन् । गाउँमा फर्केर पनि आफू ठूली भइसकेकीले उनलाई स–साना केटाकेटीसँग स्कूल जान अप्ठ्यारो लाग्यो ।

रुपिका भन्छिन् – "लेखपढ केही नभएकी गरिब परिवारकी छोरी भएकीले पनि मलाई मानिसहरुसँग बोल्न डर लाग्थ्यो । म साँच्चै नै धेरै डरपोक थिएँ । कसैसँग कुरा गर्न सक्दिन थिएँ । एकदिन रेडियोमा 'नयाँ बाटो नयाँ पाइला' भन्ने नाटक सुनें । असाध्यै मन पर्‍यो । त्यसपछि मौका मिलेसम्म म त्यो नाटक सुन्न थालें । मलाई 'म पनि नाटककी दलित परिवारकी छोरी राधा जस्तै हुँ' भन्ने लाग्न थाल्यो । अनेक हण्डर खाएर र दुःख पाएर

पनि राधाले जीवनमा संघर्ष गरेकोले मलाई प्रेरणा मिल्यो । सानैमा आफ्ना आमा–बाबुबाट टाढा भएका र पछि गाउँ फर्केर गाउँमा सक्रिय हुन थालेका नाटकका पात्र खड्गबाट पनि मलाई 'आफू पनि त्यसरी नै केही गर्न सक्छु कि ?' भन्ने विचार आयो ।"

यसरी नाटकले बिस्तारै रुपिकाको धारणामा परिवर्तन ल्याउन थालेपछि उनलाई आफ्नै गाउँका युवा परवेज चौधरीले अगाडि बढ्ने अवसर दिए । परवेज गाउँको 'विद्या युवा क्लब'का अध्यक्ष हुन् । परवेज भन्छन् – "एक कक्षा पनि नपढेर के भो त, उनले काम लाग्ने खालका सीपहरु सिक्न सक्छिन् । सीप सिकिन् भने बेरोजगार पनि हुनु पर्दैन । फेरि केही गर्न पाए हुन्थ्यो भन्ने भावना भएकीले हाम्रो क्लबलाई पनि उनबाट सहयोग हुन सक्छ । त्यही भएर उनलाई हामीले क्लबमा स्वागत गर्‍यौं ।"

क्लबमा सहभागी हुनुको साथै रुपिकाले लुगा सिलाउने सीप पनि सिकिन् । रुपिका मुस्कुराउँदै भन्छिन् – "मैले कपडा सिलाउने मेशिन राखेकी छु । पाइण्ट बनाउन चाहिँ धेरै राम्रोसँग आउँदैन, अलि–अलि मात्रै हो । अरु त कुर्ता, सुरुवाल, शर्ट सबै राम्रैसँग सिलाउँछु । त्यसैबाट दुई–चार पैसा आउँछ ।"

रुपिकाले गाउँघरमा सरसफाइसम्बन्धी चेतना जगाउन पनि सक्रिय भूमिका खेलेकी छिन् । उनी गाउँलेहरुलाई सरसफाइको महत्वका बारेमा बताउँछिन् । अहिले त रुपिका स्वास्थ्य, सरसफाइ र प्रकोप न्यूनीकरणका विषयमा तालिम चलाउने सहजकर्ता बनेर वरपरका गाउँहरुमा तालिम दिँदै हिँड्छिन् । परवेजले बताए – "भोली पनि तालिमका लागि उनले राजापुर जानु छ ।"

रुपिकाको भनाइ छ – "मलाई अगाडि बढ्न रेडियो नाटक 'नयाँ बाटो नयाँ पाइला'ले बारम्बार धेरै कुराहरु सिकाउने गर्छ । म त नाटकबाट कति नयाँ–नयाँ कुराहरु सिक्छु र आफ्नो जीवनमा लागू गर्न सकिने कुराहरु लागू पनि गर्छु ।"



उनकै गाउँमा भएको रेडियो धारावाहिक नाटक 'नयाँ बाटो नयाँ पाइला' सुनेर व्यवहारमा परिवर्तन ल्याएकाहरुको सम्मान कार्यक्रममा रुपिकालाई आफू पनि सम्मानित हुन्छु भन्ने कुरा भने थाहै रहेनछ तर मञ्चमा उनलाई पनि सम्मान ग्रहण गर्न बोलाईंदा खुशीले असाध्यै भावुक बनिन् । उनले मञ्चबाट आफ्नो मन्तव्य राख्दै भनिन् – "म कहिल्यै स्कूलसमेत नदेखेकी मान्छे, नाटककै प्रेरणाले अगाडि बढेर अहिले यसरी मञ्चमा आएर बोल्न सक्ने भएँ । मैले केही गरेको भनेर सम्मान गरिएको पाउँदा असाध्यै खुशी लागेको छ ।"

रुपिकाका १६ वर्षीय भाइ रुपेशले बताए – "मलाई मेरी दिदी यसरी जीवनमा अगाडि बढेको एकदमै मन परेको छ । मैले पनि दिदीबाट थुप्रै कुराहरु सिकिरहेको छु । दिदी अझै अगाडि बढेको हेर्न मन लागेको छ ।"

युवाहरुको जीवनमा परिवर्तन गर्ने क्षमता

## 'नाटक नसुनेकी भए त म कुवाकै भ्यागुत्तो हुन्थें होला'

"म तपाईंजस्तो काठमाडौंबाट आएको र पहिले कहिल्यै नचिनेको मानिससँग कहाँ यसरी बोल्न सक्थें र ! आफ्नै गाउँका मान्छेसँग त बोल्न सक्दिनथें । आफ्नै बाबालाई पनि केही कुरा भन्नुपर्‍यो भने ममीलाई 'भनिदिनु न' भन्थें । मलाई त रेडियो नाटक 'नयाँ बाटो नयाँ पाइला' की कमलाले नै परिवर्तन गरिदिएकी हुन् । मैले रेडियो नेपालबाट जब यो नाटक सुन्न थालें, कमला पनि नौ कक्षामा पढ्ने केटी, म पनि नौ कक्षामै पढ्ने, उमेर पनि मिल्ने, अनि त मैले आफूलाई कमलाकै रुपमा पाउन थालें । कमला अपाङ्ग भएर त आफ्नो परिवारलाई कत्ति राम्रोसँग व्यवस्थित गरेकी छिन्, मैले किन नसक्ने भन्ने भावना आउन थाल्यो । जति नाटक सुन्दै गयो, त्यति नै यो भावना पनि मनमा झन्–झन् बलियो हुँदै गयो । समाजमा पनि कमलाको भूमिका राम्रो छ । मनमा सकारात्मक विचार भए आफ्ना कुराहरु कसैसँग पनि राख्न के को डर ? मैले पनि बिस्तारै आफूले पत्तै नपाइकन मेरो परिवार र समाजमा विभिन्न सन्दर्भमा आफूलाई लागेका कुराहरु राख्न थालेंछु । अहिले त मलाई एक–दुईजना मानिसहरुका अगाडि मात्र नभई ठूलै समूहमा पनि बोल्न अप्ठ्यारो लाग्दैन । नचाहिने कुरा पो बोल्नु हुन्न, होइन र ? अर्को कुरा चाहिँ पहिले–पहिले म त केटी मान्छे, केटी मान्छेको जिन्दगी त बोझै हो जस्तो लाग्थ्यो, तर यो नाटक सुन्न थालेपछि साँच्चै उत्साह जागेको छ । समाजका लागि केही गर्नुपर्छ जस्तो लाग्न थालेको छ ।" बर्दियाको राजापुर गाविसको अनन्तपुरकी २० वर्षीया सुनिता चौधरीले धाराप्रवाह रुपमा यी कुराहरु भनिरहँदा मलाई पनि बीचमा रोक्नै मन लागेन ।

यो नाटक कस्तो लाग्छ ? भन्ने प्रश्नमा उनी भन्दै गइन् – "गाउँमा घट्ने गरेका कुरालाई ट्याक्कै समातेर उठाएको छ । अस्वाभाविक पनि छैन । रमाइलो छ । सुनौं–सुनौं लाग्ने । अनि सन्देश चाहिँ यस्तो आउँछ कि मान्छेको मनै छुने । सकारात्मक विचार र व्यवहारका लागि अगाडि बढाउन खोज्ने । कसरी नराम्रो भन्नु, धेरै नै राम्रो छ, यो नाटक ।"

सुनिताहरुले पनि रेडियो नाटकको 'छिनोफानो क्लब'बाट प्रभावित भएर गाउँमा युवा क्लब खोलेका छन् । उनीहरुको क्लबले समय–समयमा गाउँमा सरसफाइ गर्ने र धान काट्ने बेलामा क्लबका युवाहरु मिलेर गाउँमा केही पैसा लिएर धान काटिदिने गर्दा रहेछन् । सुनिताले भनिन् – "धान काट्न ज्यालामा मान्छे लगाउने हो भने एक बिगाहको धान काट्न १४–१५ सय रुपैयाँ लिन्छन् । हामीचाहिँ आठ सयमै काटिदिन्छौं । अनि त कामको 'क्यू' नै लाग्छ । त्यो पैसा समूहमा राख्छौं । कसैलाई 'इमर्जेन्सी' पर्‍यो भने ब्याज लिएर चलाउन दिन्छौं । अब त १५–१६ हजार जम्मा भइसक्यो होला ।"



सुनिताका अनुसार, युवाहरुले नाटकबाट गाउँमा आफूले सकेको सरसहयोग गर्नुपर्छ भन्ने कुरा महसुस गर्न थालेका छन् । गाउँमा कसैको घरमा विवाह हुँदा वा अरु कुनै

धेरैले सघाउनु पर्ने काम पर्दा सहयोग गर्न जान्छन् । ४२ जना सदस्य भएको उनीहरुको युवा क्लबमा केटाभन्दा केटीको संख्या बढी छ र केटीहरु नै बढी सक्रिय पनि छन् । उनले हाँस्दै भनिन् –"केटाहरु त बढीजसो मित्रराष्ट्रतिरै जान्छन् नि । कहाँ गाउँमा बस्छन् र !"

सुनितालाई यो नाटक अहिले पनि राम्रो लाग्छ तर पहिलेको भन्दा बेला–बेला अलि खल्लो र कहिलेकाहीँ अलि अस्वभाविक भएजस्तो चाहिँ हुँदो रहेछ । उनी भन्छिन् – "पहिले–पहिले पुराना कलाकारहरु भएको बेला जस्तो राम्रो चाहिँ छैन । तर पहिले र अहिलेको कुरा नगरी समग्रमा भन्ने हो भने यो नाटक युवाहरुको जीवनमा परिवर्तन गर्न साँच्चै सक्षम छ । यस कुराको उदाहरण त मै छु नि । मलाई लाग्छ – "यो नाटक नसुनेकी भए त म अहिले पनि कुवाकै भ्यागुत्तो जस्तो हुन्थें होला ।"

उनले नाटकको विषयवस्तुका सन्दर्भमा पनि सुझाव दिइन् – "यस नाटकले किशोर अवस्थाका समस्याहरुलाई नाटकीकरण गरेर राम्रा सन्देशहरु दिए अझ राम्रो हुन्थ्यो । त्यो उमेरकाहरु बाबु–आमालाई नटेर्ने हुन्छन् नि । फेरि यो नाटक सुन्ने धेरैजसो १६ देखि १८ वर्षकै त छन् ।"

व्यक्तिगत बानी–व्यवहारमा सुधार

## जाँड–रक्सी र भाँडभैलो छोडेर क्लबतिर लागे रेखबहादुर

सर्च फर कमन ग्राउण्डको तर्फबाट दाङमा कार्यरत राजेन्द्र अधिकारी लेख्छन् – "रोल्पा जिल्लाको जौलीपोखरी गाविसको राम्लीका रेखबहादुर बुढा द्वन्द्वको समयमा ने.क.पा माओवादीको सांस्कृतिक समूहमा आबद्ध थिए । पछि उनी गाउँ फर्के । गाउँघरमा आएपछि उनी जाँड–रक्सी खाएर भाँडभैलो मच्चाउने गर्दथे । उनी आफूलाई 'समाजको सबैभन्दा ठूलो नेता हुँ' भन्थे तर समाजले उनलाई विश्वास गर्दैनथ्यो । यस्तो बेला उनले रेडियोमा 'नयाँ बाटो नयाँ पाइला' नाटक सुने । नाटक मन पर्दै गयो । नाटकबाट आफूजस्तै मानिसहरुको व्यवहारको बारेमा थाहा पाएर र छिमेकी गाउँको युवा क्लबले गरेका क्रियाकलापहरु अवलोकन गरेर उनलाई आफ्नो गाउँमा पनि केही राम्रो काम गर्ने प्रेरणा जाग्यो । उनले जाँड–रक्सी खान छोडे । उनकै सक्रियतामा गाउँमा युवा क्लब समेत गठन भयो । उनले क्लबको नेतृत्व गरेर समाजमा सकारात्मक परिवर्तनका लागि काम गर्न थाले । अहिले त समाजले पनि उनलाई विश्वास गर्न थालेको छ ।"



राजेन्द्र अधिकारीले सुर्खेत जिल्लाको सालकोट गाविस, वडा नं. ९ को तोक्मा गाउँकी गरिमाको कथा पनि फेला पारेका छन् । दलित समुदायकी गरिमा सुनार चार वर्षसम्म माओवादीको छैठौं डिभिजनमा कार्यरत

थिइन् । आफ्ना बुबा–आमा र साथी–सँगीको दबाबमा उनी माओवादीको छैठौं डिभिजन छोडेर गाउँ फर्किन् । उनी गाउँ फर्केपछि स्थानीय विद्यालयमा गएर पढ्न थालिन् । गाउँमा माओवादी क्याम्पबाट फर्किएका युवाहरुप्रति राम्रो दृष्टिकोण थिएन । तर रेडियो नाटक 'नयाँ बाटो नयाँ पाइला' सुनिरहेका गाउँका युवाहरुमा भने यो धारणामा बिस्तारै परिवर्तन आइरहेको थियो । युवाहरुले द्वन्द्वपछि गाउँ फर्केकाहरुलाई गर्नुपर्ने सकारात्मक व्यवहारका बारेमा धेरै कुरा थाहा पाइरहेका थिए । उनीहरुले गरिमा र गरिमा जस्तै माओवादी क्याम्पबाट फर्केकाहरुप्रति राम्रो व्यवहार गर्न थाले । उनीहरुलाई एकजूट बनाए । गरिमाले पनि यो धारावाहिक नाटक नियमित रुपमा सुन्न थालिन् । उनीहरुले गाउँमा क्लब गठन गरे । गरिमा पनि क्लबका कामहरुमा सक्रिय हुँदै गइन् । यसरी सक्रिय हुन थालेपछि गरिमा स्थानीय सूर्यशक्ति युवा क्लबको अध्यक्ष समेत बनिन् ।

गरिमा संलग्न रहेको सूर्यशक्ति युवा क्लबले समुदायमा रहेका युवाहरुको क्षमता अभिवृद्धिका साथै गाउँघरमा रहेको छोरा र छोरीप्रति गरिने भेदभाव र जातीय छुवाछूतका विरुद्ध काम गर्दै आएको छ । यसले द्वन्द्वपछि गाउँ फर्केका बालबालिका र युवाहरुको पुनर्स्थापनामा पनि सघाइरहेको छ ।

समाजमा द्वन्द्व प्रभावितहरुको पुनर्स्थापनका लागि प्रेरणा

## सीता पुनर्स्थापित भइन्, सुरज घर फर्के

"जङ्गलमा अकस्मात बम पड्क्यो । त्यही वनमा गाई चराउन गएकी सीता लामिछानेमाथि सुरक्षाकर्मीले शङ्का गरे । उनी निर्दोष थिइन् । जङ्गलमा त्यसबेला कसैले बम पड्काउनु पर्ने कारणै थिएन । माओवादी वा कसैले कुनैबेला खसालेर छोडिएको बम आफैं पड्केको थियो । तैपनि सीता गिरफ्तार भइन् । शान्ति सम्झौतापछि उनी गाउँ त फर्किन् तर गाउँलेहरुले उनीमाथि सहज व्यवहार गरेनन् । हामीले रेडियो नाटक 'नयाँ बाटो नयाँ पाइला' मा द्वन्द्वपछि गाउँ फर्केकाहरुलाई गाउँमा बस्न सहज वातावरण बनाउने प्रयत्न गरेको कथा सुनेका थियौं । हामीले सल्लाह गर्‍यौं - 'हामी पनि त गाउँमा त्यस्तै वातावरण बनाउन सक्छौं ।' गाउँले युवाहरु मिलेर रेडियो नाटक 'नयाँ बाटो नयाँ पाइला'कै आधारमा थारु भाषामा सडक नाटक बनाएर प्रदर्शन गर्‍यौं । नाटकले गाउँलेहरुको मन छोयो । द्वन्द्वपछि गाउँ फर्केकाहरुलाई गर्ने उनीहरुको व्यवहारमा परिवर्तन आयो । त्यसपछि सीतालाई गाउँमा बस्न सजिलो भयो । अहिले त सीताको विवाह पनि भइसक्यो ।" बर्दियाको राजापुर क्षेत्रमा पर्ने मनाऊ–पर्सैनीमा भेट भएका सञ्जीता रिजाल र शिवानी चौधरीले आफ्नो गाउँको अनुभव सुनाए ।



शिवानीले त यो धारावाहिक रेडियो नाटक 'नयाँ बाटो नयाँ पाइला' यति मन पराइन् कि नाटक सुन्नकै लागि उनले रेडियो पनि किनिन् । शिवानी तराईमूलकी थारु समुदायकी र सञ्जीता पहाडी मूलकी युवतीहरु हुन् । उनीहरु दुवै रेडियो नाटक 'नयाँ बाटो नयाँ पाइला' सुन्छन् र शान्तिका लागि युवा सञ्जालअन्तर्गत सँगसँगै काम गर्छन् ।

एउटा छलफल कार्यक्रममा दाङ जिल्लाको लालमटियाका १७ वर्षीय सुरज आचार्यले पनि नाटक सुनेरै आफू माओवादी क्याम्पबाट घर फर्केको बताए ।

आत्मविश्वास र नेतृत्व विकास

## मलाई पनि अर्जुन जस्तै बन्न मन लाग्यो

"म रेडियो नाटक 'नयाँ बाटो नयाँ पाइला' को नियमित श्रोता हुँ। यस नाटकको छिनोफानो क्लबमा अर्जुनले क्लबप्रति देखाएको जिम्मेवारी र सक्रियताले मलाई पनि अर्जुनजस्तै बन्न मन लाग्यो। त्यसैबाट प्रभावित भएर मैले पनि आफ्नो क्षेत्रका युवाहरुको सञ्जालमा सक्रियतापूर्वक काम गर्न थालेको हुँ।" यो भनाइ हो - रुकुम जिल्लाको छिवाङ गाविस, वडा नं. १ का स्थानीय शान्ति जागरण युवा सञ्जालका धनवीर के.सी. को। धनवीर आफ्नो सक्रियताकै कारण अहिले क्लबको सचिव बनेका छन्। उनी रेडियो नाटक 'नयाँ बाटो नयाँ पाइला'का नियमित श्रोता हुन्।



पहिले सामाजिक काममा त्यतिविधि ध्यान दिन नसकिरहेका धनवीर लगायत छिवाङका युवाहरु अहिले युवा सञ्जालमार्फत् गाउँघरमा चेतनामूलक कामहरुमा सक्रिय रहेका छन्। सञ्जालमा लागेर सक्रियतापूर्वक काम गर्न थालेपछि धनवीरले नेतृत्व विकाससम्बन्धी तालिम समेत लिने अवसर पाए। धनवीर थप्छन् - "पहिले-पहिले समाजका सार्वजनिक विषयवस्तुमा बोल्न मलाई धक लाग्थ्यो। अहिले त हामी गाउँघरका सार्वजनिक सरोकारका सवालहरुलाई उठाउँछौं, चेतना जगाउने कामहरु गर्छौं र म आफैं पनि हरेक सामाजिक गतिविधि र छलफलहरुमा निर्धक्क एवम् आत्मविश्वासका साथ बोल्नसक्ने भएको छु।"

जबर्जस्ती गर्ने प्रवृत्तिमा कमी

## भान्सासमेत छोडेर नाटक सुन्नेहरु

दाङ जिल्लाको गोबरडिहा गाविसको सरस्वती उच्च मा.वि.मा भएको स्थानीय युवाहरुको भेलामा सहभागीहरुले रेडियो नाटक 'नयाँ बाटो नयाँ पाइला' बेलुकीपख घरमा तयार भएको भान्सासमेत छोडेर सुन्ने गरेको बताए। उनीहरुले यो नाटक सुन्नकै लागि बेलुकीको खाना खाने समय नै बदल्ने विचार गरेका छन्।

भेलामा रेडियो नाटक 'नयाँ बाटो नयाँ पाइला' र शान्ति सम्झौतापछिको स्थानीय समुदायको स्थितिको बारेमा छलफल भएको थियो। छलफलका सहभागीहरुले उनीहरुका गाउँघरमा एउटा राजनीतिक पक्षको विचार बोक्नेहरुले अर्को राजनीतिक पक्षको विचार भएकाहरुमाथि जबर्जस्ती गर्ने भावना नाटककै कारण हट्न थालेको उल्लेख गरे। तर, युवाका क्लबहरुलाई केही राजनीतिक पार्टीहरुले विभिन्न प्रलोभनहरु देखाउँदै आफूतर्फ आकर्षित गर्न खोज्ने प्रवृत्ति देखिएकाले नाटकले यो विषयवस्तु समेटिदिए यस्तो प्रवृत्तिमा कमी आउने थियो भन्ने भावना पोखे। केही समयपछि नाटकले उनीहरुको यो भावना समेट्दै नाटकमा पनि त्यस्तै समस्या आएको र त्यसलाई समाधान गरिएको कथा प्रस्तुत भयो।

दाङकै गढवा गाविसको बालापुरमा भएको रेडियो नाटक 'नयाँ बाटो नयाँ पाइला'सम्बन्धी छलफलमा पनि सहभागी युवाहरुले नाटकमा पहिले माओवादी बाल सैन्य छापामार बनेर पछि गाउँ फर्केका किशोर-किशोरीहरुको प्रसङ्ग, मनमाया र जसबहादुरका बीच भएको जग्गाको किचलो र त्यसको समाधान, दलित एवम् विपन्न परिवारकी छोरी राधा र सम्पन्न ब्राह्मण परिवारका छोरा दीपकबीचको अप्ठ्यारो सम्बन्ध, जेनी र उनलाई पहिले नै घरजम भइसकेका व्यक्तिले आफू अविवाहित भएको बताई फुक्याएर विवाह गरी जेनी गर्भवती भएपछि छोडिदिएका कुराहरुका आधारमा दिन खोजिएको सन्देश निक्कै चेतनामूलक रहेको उल्लेख गरे ।

जातीय विभेदविरुद्ध सक्रियता

## 'युवाहरुले यसरी साथ दिए उत्साह बढ्ने थियो'

रेडियो नाटक 'नयाँ बाटो नयाँ पाइला'मा दर्शाइएको जातीय विभेदका समस्याहरु सुनेर युवाहरु आफ्नो समाजमा यस्तो विभेद हटाउन सक्रिय भएको उदाहरण दाङको बेला भन्ने ठाउँमा भेटिएको छ । स्थानीय युवाहरुको असल शासन रेडियो श्रोता क्लबले त्यहाँ जातीय छुवाछूतविरुद्ध अन्तरक्रिया र सहभोज कार्यक्रम नै आयोजना गर्‍यो । कार्यक्रमका लागि सर्च फर कमन ग्राउण्डले रु. ३३० र स्थानीय युवा क्लबले रु. ५०० सहयोग गरेका थिए । यस अन्तरक्रियामा युवा पुस्तामा यस्तो छुवाछूतपूर्ण विभेद नरहेको भएपनि उनीहरुका बुबा-आमाहरुमा रहेको यो परम्परागत विकृति हट्न नसकेका विचारहरु व्यक्त भएका थिए । कार्यक्रममा दलित समुदायका व्यक्तिहरुले 'यसरी गाउँका युवाहरुले साथ दिँदै गए भने आफूहरुमा पनि उत्साह बढ्ने थियो' भन्ने धारणा प्रस्तुत गरे । अन्तरक्रिया कार्यक्रमपछि उपस्थित सबैले दलितहरुकै हातबाट तयार पारिएको र पस्किएको खाजा खाएका थिए । कार्यक्रममा स्थानीय स्तरमा रहेका विभिन्न क्लब, संघ-संस्था, सामुदायिक वनका प्रतिनिधि, शिक्षक, विद्यार्थी, समाजसेवी र पत्रकारहरु सहभागी थिए ।



दाङ जिल्लाको बालापुरमा पनि नाटक सुनेर गाउँमा जातीय छुवाछूतको व्यवहारमा कमी आएको र यसो गर्नु नहुने कुराका बारेमा घर-घर मा छलफल हुने गरेको कुरा स्थानीय युवाहरुले बताए ।

विकास–निर्माणमा युवाहरुको सक्रियता

## यो नाटक कहिल्यै बन्द हुनु हुँदैन

"तीन–चार वर्ष अघिको कुरा हो । हामी खेतमा धान रोपेर फर्कंदा चौतारोमा बसेका थियौं । साँझ पर्न लागेको थियो । चौतारोमा थकाइ मार्दै एकजनाले रेडियो धारावाहिक नाटक 'नयाँ बाटो नयाँ पाइला' को कुरा झिक्दै भने – 'रेडियोले त यस्तो नाटक पो सुनाउनु पर्छ । कत्ति राम्रो छ । सुन्यो भने धेरै काम लाग्छ ।' त्यसो

भनेपछि मलाई पनि सुनौं–सुनौं लाग्यो । सुनेको त साँच्चै राम्रो रहेछ । मैले सुन्न थालेको चाहिँ नाटकका पात्र दीपकले 'प्राणप्यारी राधा, म तिम्रो आधा' भनेको बेलादेखि हो । त्यस अगाडिका पाँच–छवटा शृङ्खला छुटिसकेछन् । त्यसपछि मैले रेगुलर सुन्न थालें । म त यो नाटकको फ्यान नै हुँ नि ।" कैलाली जिल्लाको मसुरिया – ६, महादेवाका २० वर्षीय युवा रामनारायण चौधरीको भनाइ हो यो । युवाहरुले खोलेको 'शान्तिका लागि युवा सञ्जाल'का कार्यालय सचिव पनि हुन् – रामनारायण ।

मसुरियाकै रीता चौधरीले पनि यो नाटक ४६ औं भागदेखि निरन्तर सुन्दै आएकी छिन् । रीता भन्छिन् – "घरमा बैनीले रेडियो खोलिरहेकी थिई । यो नाटक आयो । सुन्दै जाँदा त साह्रै रमाइलो र हाम्रै गाउँघरतिर हुने खालका कुराहरु पो दिँदो रहेछ । मलाई असाध्यै मन पऱ्यो । ममी चाहिँ नेपाली भाषा त्यति बुझ्नु हुन्न तर हाम्रो घरका अरु सबै चाख लिएर यो नाटक सुन्ने गर्छौं । कसै–कसैले कुनै भाग छुटाइहाल्यो भने पनि अरुलाई 'के भयो हँ ?' भनेर सोध्ने गरेका छौं । हाम्रो गाउँमा रेडियो नेपाल र भेरी एफ.एम. बाट यो नाटक आउँछ । खासमा भन्ने हो भने हाम्रो गाउँमा स्कूल–कलेज जाने धेरै युवा विद्यार्थीहरु यो नाटक सुन्छन् ।"

नाटकबाट प्रभावित भएर मसुरियाका युवाहरुले आफ्नै युवा क्लब खोली गाउँघरमा चेतना जगाउने र विकास–निर्माणका कामहरु गर्ने गरेका छन् । रीताका अनुसार – मसुरियाको एउटा शाखा बाटोमा पहिले हिलो भएर हिँड्नै मुश्किल थियो । क्लबको अगुवाइमा युवाहरु मिलेर त्यो बाटोमा खोलाबाट ढुङ्गा र गिटी ल्याएर ग्राभेल हाले । क्लब खोल्दा सक्रिय हुनुभएका तर पछि बित्नुभएका युवा सन्तोष चौधरीको स्मृतिमा चौतारो बनाए । स्थानीय विद्यालयको पछाडिपट्टिको भाग खोलाले कटान गरेर भत्काउन लागेको थियो । युवाहरुले त्यसलाई रोक्न तटबन्ध बनाए । रीता उल्लेख गर्छिन् – "रेडियो नाटक 'नयाँ बाटो नयाँ पाइला' को छिनोफानो युवा क्लबले विकास–निर्माणका काममा अघि बढ्न गरेको प्रयत्नबाटै प्रभावित भएर हामी पनि त्यस्तो काम गरौं भन्ने सल्लाह भयो । त्यसैबाट हामी सबै जुटेर सक्रिय भएका हौं । नाटक सुनेपछि हामी त्यसबारेमा पनि बेला–बेला छलफल गर्ने गर्छौं । अब के गर्ने भन्ने कुरा छलफलबाटै निर्णय हुन्छ ।"

रीताको कुरामा रामनारायण थप्छन् – "क्लबमा नआउने केही युवाहरु पनि बाटो ग्राभेल गर्दा सघाउन आए । गाउँका अग्रजहरुले पनि यी केटाकेटीले राम्रो काम गरे भनेर तारिफ गर्नुभयो । अग्रजहरुबाट सहयोग पनि पायौं । साह्रै खुशी लाग्यो ।"

कुरा हुँदैथियो, रामनारायणले अर्को कुरा पनि सम्झे र भने – "स्थानीय सुनपाल सामुदायिक वन उपभोक्त समूह र हाम्रो बीचमा पनि सहकार्य बढ्दै गएको छ । वनमा खरखडाइको बेला समूहले हाम्रो युवा क्लबलाई बोलाउँछ र खरखडाइका लागि उपभोक्ता समूहभन्दा बाहिरका पनि कोही त आएनन् भनेर ! चेक गर्ने जिम्मा दिन्छ । हामी पनि उपभोक्ताहरुले पाएको पुर्जीका आधारमा चेक गर्छौं । यो काम गरेवापत क्लबले दिनको ५०० रुपैयाँ पाउँछ । यस्तो आम्दानीबाट हामीलाई सानोतिनो काम गर्दा चाहिने खर्चको जोहो पनि हुन्छ ।"

मसुरियाका युवाहरुको सुझाव छ – "यो नाटकले धेरै युवाहरुलाई जागरुक र संगठित बनाइरहेको छ । यसलाई कहिल्यै पनि रोक्नु वा बन्द गर्नु हुँदैन । बरु युवाहरु वैदेशिक रोजगारका सिलसिलामा ठगिन सक्ने कुरा, एचआईभीबाट जोगिने र एचआईभी संक्रमितहरुप्रति गर्नुपर्ने व्यवहारको कुरा अनि हाम्रो सुदूर पश्चिममा कलङ्कको रुपमा रहेको छाउपडी प्रथा हटाउन योगदान पुग्ने जस्ता कुराहरुलाई पनि नाटकले समेटिदिए अझ राम्रो हुने थियो ।"

पदभन्दा काम र त्यसको निरन्तरता चाहिँ ठूलो कुरा

## 'रेडियो पनि सुन्ने चीज पो रहेछ'

"आजकल त म गाउँघरतिर आफूलाई आफू काम गर्ने संस्थाको भन्दा पनि रेडियो नाटक 'नयाँ बाटो नयाँ पाइला' को मान्छे भनेर चिनाउँछु । किनभने, यो नाटक प्रायः धेरैले सुन्ने गरेका छन् र मन पनि पराउँछन् ।" कैलालीको मसुरिया–९ का २१ वर्षीय पिताम्बर पौडेलले आफू शान्तिका लागि युवा सञ्जाल–कैलालीका निम्ति सर्च फर कमन ग्राउण्डको तर्फबाट परामर्शदाताको रुपमा काम गर्ने बताए ।

पहिले–पहिले 'रेडियो पनि कसैले सुन्ने चीज हो र, बरु फुर्सद भए टी.भी. पो हेर्नुपर्छ त' भन्ठान्ने पिताम्बरलाई सर्च फर कमन ग्राउण्डकी कैलालीमा कार्यरत कर्मचारी बिमलाले कठायतले 'रेडियोमा यो नाटक सुनेर त हेर्नुस्' भनेपछि उनले पहिलो पटक रेडियो धारावाहिक नाटक 'नयाँ बाटो नयाँ पाइला' सुने । त्यो कार्यक्रम उनलाई मन पर्‍यो र रेडियो सुन्ने बानी शुरु भयो । पिताम्बर हाँस्दै भन्छन् – "अनि पो रेडियोबाट पनि धेरै राम्रा र उपयोगी कार्यक्रमहरु आउँदा रहेछन् भन्ने थाहा भयो त । आजकल त म बाटोमा हिँड्दा पनि आफ्नै मोबाइलबाट रेडियो सुन्ने गर्छु ।"

रेडियो नाटक 'नयाँ बाटो नयाँ पाइला' सुन्न थालेपछि पिताम्बरका अरु धारणाहरुमा पनि परिवर्तन आउन थाल्यो । उनले आफ्नो धारणा परिवर्तन भएका दुईवटा उदाहरण यसरी उल्लेख गरे –"पहिलो चाहिँ, मलाई युवाहरुको क्लब भनेको फूटबल मात्र खेल्ने क्लब हो भन्ने लाग्थ्यो तर यो रेडियो नाटकको 'छिनोफानो क्लब' को कुरा सुनेपछि वास्तवमा युवाहरुको क्लबले त अरु कामहरु पनि पो गर्न सक्छ त भन्ने लाग्यो । तपाईंले थाहा पाउनु भयो कि भएन, हाम्रै जिल्लाको बलियामा यही नाटक सुनेर युवाहरुकै क्लबको सक्रियतामा खोलामा मान्छे हिँड्ने काठे पुल बन्यो । दोस्रो चाहिँ, नढाँटीकन भन्दा मलाई पहिले–पहिले कुनै क्लब वा समूहमा बस्दा म त्यसको अध्यक्ष वा प्रमुख पदमै हुनुपर्छ भन्ने लाग्थ्यो तर रेडियो नाटक 'नयाँ बाटो नयाँ पाइला' सुनेपछि त्यसमा छिनोफानो क्लबका कमला, प्रभात लगायत विभिन्न पात्रहरुले पद नै सबैथोक होइन, बरु कामचाहिँ महत्वपूर्ण कुरा हो भन्ने जुन सन्देश दिएका छन् त्यसबाट ममा पनि प्रभाव परेको छ । म आजकल पदभन्दा पनि काम गर्नु र त्यसलाई निरन्तरता दिनु चाहिँ ठूलो कुरा हो भन्ने ठान्दछु ।"

छोरीले पनि केही गरेर देखाउन सक्ने उदाहरण

## 'मैले आफ्नै घरमा पनि नाटकले दिएका सन्देशहरु लागू गरें'

बर्दियाको राजापुर क्षेत्रकै इश्वरीगञ्जकी हेमा शाह अधवैंसे उमेरकी महिला हुन् । उनी पनि रेडियो नाटक 'नयाँ बाटो नयाँ पाइला' प्रायः सुन्ने गर्छिन् । इश्वरीगञ्जको समाज सुधार युवा क्लबकी सल्लाहकार हेमा स्थानीय बाल विकास केन्द्रमा पढाउने पनि गर्छिन् । उनी भन्छिन् –"यस नाटकले जीवनमा भैपरी आउने कुराहरुलाई राम्रोसँग समेटेको छ । मान्छेमा कस्तो गुण हुनुपर्छ र मानवले के गर्नुपर्छ भन्ने देखाएको छ । मैले यसबाट धेरै कुराहरु सिकें ।"

नाटकमा 'अपाङ्ग किशोरी कमलाले द्वन्द्वका कारण आफ्ना बाबु मारिएपछि बेसहारा बनेकी आफ्नी आमा र त्यही बाबु मारिएको घटनाले गर्दा बेला–बेला विक्षिप्त हुने आफ्नी दिदीलाई सहारा दिँदै गाउँघरमा

समेत सकारात्मक चिन्तन फैलाउन दिएको' योगदानले हेमालाई असाध्यै छोएको रहेछ । हेमाले भावुक हुँदै भनिन् –"परिवारमा छोरा नभएपनि छोरीले पनि केही गरेर देखाउन सक्छन् भन्ने कुराको उदाहरण बनेकी छिन्– कमला । यस्तो कुराले महिलाहरुमा आत्मविश्वास, उत्साह र चेतना जगाउँछ । म पनि कमलाबाट साह्रै प्रभावित भएर समाजमा सक्रिय हुन थालेकी हुँ ।"



हेमाले यो नाटक सुनेपछि आफ्नो गाउँमा अरुलाई पनि नाटकको कुरा बताउने गरेकी रहिछन् । हेमाले बताएपछि अरुहरुले पनि नाटक सुनेर उनलाई धन्यवाद दिएछन् । यसरी नाटक सुन्ने श्रोताको संख्या बढ्दै गएपछि गाउँका युवाहरुलाई आपसमा मिलेर क्लब खोल्न हेमाले पनि प्रेरणा दिइन् । अहिले यो क्लबमा गाउँका २७ जना युवाहरु सदस्य छन् ।

हेमा भन्छिन् –"मैले समाजमा मात्र होइन, आफ्नै घरमा पनि नाटकबाट सिकेका कुराहरु लागू गरें । खासगरी छोराछोरीलाई कसरी सही बाटोमा लगाउने भन्ने बारेमा मलाई नाटकले धेरै कुराहरु सिकायो । अहिले म त्यसरी सिकेका कुराहरुका आधारमा आफ्ना छोराछोरीलाई सही बाटोमा लगाउन प्रयत्न गरिरहेकी छु ।"

हेमाको सुझाव छ –"केटाकेटीको छाडा र अल्लारे प्रवृत्ति रोक्ने र पढ्नु पर्छ भनेर हौसला दिने खालका सन्देशहरु यस नाटकमा अझ बढी समावेश गर्नुपर्छ ।"

हेमाले उनलाई मनाऊ, पर्सैनीमा रेडियो नाटक 'नयाँ बाटो नयाँ पाइला' सुनेर व्यवहारमा परिवर्तन ल्याएकोमा गरिएको सम्मान कार्यक्रममा मन्तव्य दिँदै उपस्थित ठूलो जनसमुदायलाई 'सकेसम्म यो नाटक सबैले सुन्नु जरुरी छ' भन्ने सल्लाह दिइन् ।

विद्यालयका समस्या समाधानमा मद्दत

## 'हेडसरको भूमिकाबाट मैले धेरै कुराहरु सिकें'

"म एउटा बेसहारा र गरिब कमैया परिवारमा जन्मेर आज यो अवस्थामा आइपुगें । मलाई धेरै पहिलेदेखि योगेन्द्रकुमार चौधरीले अगाडि बढन् उत्साह दिनु भएको थियो । पछि गएर मलाई उत्साह दिनेमा रेडियो नाटक 'नयाँ बाटो नयाँ पाइला' पनि थपियो । मैले यो नाटकलाई आफ्नो जीवनको एउटा अङ्ग बनाएको छु ।" बर्दियाको बडालपुर गाविसको झप्की गाउँका भिमसेन चौधरी पेशाले अहिले शिक्षक हुन् । उनलाई नाटकमा रहेको हेडसरको भूमिका साह्रै मनपर्दो रहेछ ।

पशुपति इङ्ग्लिस बोर्डिङ्ग स्कूलका उप–प्रधानाध्यापक भिमसेनले 'नाटकबाट स्कूल सञ्चालनका सिलसिलामा के कस्ता समस्याहरु आइपर्छन् र तिनको समाधान कसरी गर्ने भन्ने बारेमा धेरै ज्ञान प्राप्त भएको' बताए । आफ्नो गाउँका मुक्त कमैया समुदायमध्येबाट सबैभन्दा पहिले एस.एल.सी. उत्तीर्ण गरेका भिमसेनलाई भविष्यमा आफ्नै विद्यालय चलाएर समाज परिवर्तनमा सघाउने धोको छ । त्यसैले उनी अहिले आफूले काम गरिरहेको विद्यालयका समस्याहरुको समाधानका सिलसिलामा नाटकबाट सिकेका कुराहरु लागू गर्ने प्रयत्न गरिरहेका छन् । भिमसेन थप्छन् –"यसबाट मलाई भविष्यका लागि पनि त राम्रो सिकाइ हुन्छ नि । नाटकमा जसरी हेडसरले राम्रो भूमिका खेल्नु भएको छ म पनि त्यस्तै भूमिका खेल्ने कोशिस गरिरहेको छु ।"

विद्यालयको कस्तो समस्या समाधान गर्न यस नाटकले सघायो त भन्ने प्रश्नमा भिमसेन भन्छन् – "त्यस्ता थुप्रै कुराहरु छन् । नाटकमा रहेको विद्यालयमा जे जस्ता समस्याहरु आउने गरेका छन् हाम्रो गाउँठाउँका विद्यालयमा पनि त्यस्ता समस्याहरु आउँछन् ।"

भिमसेनले यो नाटक प्रसारण चाँडै बन्द हुँदैछ भन्ने सुनेका रहेछन् । त्यसमा उनले प्रतिक्रिया जनाए – "यो मानिसहरुको व्यवहारमा परिवर्तन ल्याउन सफल भइरहेको रेडियो नाटक कहिल्यै रोक्नु हुँदैन । त्यसो गरे त यसले युवाशक्तिको तातो रगतमा जुन सकारात्मक प्रभाव पारिरहेको छ, त्यो सेलाइहाल्छ नि । त्यसलाई सेलाउन दिनु हुँदैन । निरन्तर अगाडि जानुपर्छ । बरु हाम्रा प्रयत्नहरुलाई पनि नाटकमा केही हदसम्म समेटेर प्रसारण गरे राम्रो हुन्थ्यो ।"

शान्ति निमार्णमा सहयोग

## सकिनाको गाउँमा पनि बाङ्गे पीपलकै जस्ता प्रवृत्ति छन्

बर्दियाको मानपुर–टपराकी २२ वर्षीया सकिना चौधरीको हालसालै विवाह भयो । विवाह गरेर घरकी बुहारी भएपछि उनलाई रेडियो नाटक 'नयाँ बाटो नयाँ पाइला' सुन्न नपाउँदा अप्ठ्यारो लागिरहेको छ । सकिना भन्छिन् –"घरमा टी.भी. मात्र छ, रेडियो छैन । रेडियो किनेर सुनौं न त भन्दा पनि त्यसरी सुनेर बस्दा घरका मान्छेले केही भन्छन् कि भन्ने लाग्छ । तर आफूले शुरुदेखि नै सुन्दै आएको यो नाटक फेरि पनि सुन्न मन लागिरहेको छ ।" उनले सकेसम्म चाँडै आफ्नो नाटक सुन्ने क्रमलाई निरन्तरता दिनुपर्छ भन्ने विचार गरेकी छिन् ।

सकिनालाई विवाह हुनुभन्दा पहिले सुनेको यस रेडियो नाटकमा शुरुतिरै शालिग्राम पण्डितले गरेको छुवाछूतको व्यवहार, चन्द्र सरले गाउँमा मच्चाउने गरेको भाँडभैलो, कमलाको धेरै प्रेरणा दिने सक्रियता, राधालाई निक्कै दु:ख पुऱ्याएका दीपकमा पछि आएको परिवर्तन, माओवादीमा लागेर पछि गाउँ फर्केका युवाहरुको व्यवहार , सन्देश र प्रकाशले बाङ्गेपीपलका युवाहरुलाई एकजूट गराउन खेलेको भूमिका जस्ता थुप्रै कुराहरु अझै राम्रोसँग याद रहेछन् । सकिनाका अनुसार उनको गाउँमा पनि नाटकको बाङ्गेपीपलकै जस्ता प्रवृत्तिहरु देखिन्छन् ।

सकिनालाई त्यस्ता कतिपय प्रवृत्ति बदल्न नाटकमा जसरी कमलाले योगदान दिइन् आफूले पनि त्यस्तो योगदान दिन सकिन्छ कि भन्ने लाग्यो । त्यसैले उनी फुर्सद्को समयमा समाजमा सक्रिय हुन थालिन् । उनी र उनीजस्ता युवाहरु मिलेर राजापुरमा 'शान्तिका लागि युवा सञ्जाल' गठन गरे । सञ्जालकी एउटी संस्थापक हुन पाएकोमा उनलाई गर्व पनि छ ।

"शुरुमा त घर–परिवारले 'केही काम नपाएर अब फोगटिया नेता भएर हिँड्छेस् ?" भनेर गाली गर्नुहुन्थ्यो । पछि हामी युवाहरु मिलेर राम्रो काम गर्दै गएपछि उहाँहरुको मन पनि जितेछौं । अनि त 'छोरीले राम्रो काम गरेको रहेछ' भन्न थाल्नुभयो ।" सकिनाले थपिन् –"हाम्रो सञ्जालले हाम्रै गाउँघरमा शान्तिका लागि योगदान दिइरहेको छ । पहाडी मूलका हुन वा तराईका अथवा विभिन्न जाति, धर्म र लिङ्गका किन नहुन्, हामी आपसमा विभेद सिर्जना नगरिकन सबै मिलेर एकजूट भई काम गर्न थाल्यौं । हाम्रो गाउँमा पनि माओवादीमा लागेर पछि घर फर्केका मानिसहरु छन् । रेडियो नाटक 'नयाँ बाटो नयाँ पाइला'ले माओवादीमा लागेर गाउँ फर्केका मानिसलाई कसो गर्नुपर्छ र कसरी प्रगति गर्नुपर्छ भन्नेबारेमा काम लाग्ने खालको सन्देश दिएकाले हामीले त्यसबाट धेरै कुरा सिकेर आफूमा लागू गर्‍यौं । यसले शान्ति निर्माणमा सघाएको छ ।" सक्रिय हुँदै गएपछि सकिनाले 'सर्च फर कमन ग्राउण्ड' बाट द्वन्द्व रुपान्तरण र नेतृत्व व्यवस्थापनसम्बन्धी तालिम पनि लिने अवसर पाइन् । यस तालिमले पनि शान्ति निर्माणमा योगदान दिने सकिनाहरुको सञ्जाललाई धेरै मद्दत पुर्‍याएको कुरा सकिनाले बिर्सेकी छैनन् ।

क्लबप्रतिको नकारात्मक दृष्टिकोण हटाउन मद्दत

## 'राम्रा काम गरेपछि गाउँलेहरुले सहयोग नगर्ने त कुरै भएन नि'

"अहिले पनि हाम्रो गाउँका केटीहरु जमातै भएर रेडियो नाटक 'नयाँ बाटो नयाँ पाइला' सुन्छन् अनि 'ल हेर ! केटीहरु पनि कसरी अगाडि बढेका छन्, हामी चाहिँ त्यसै बसिरहने हो ?' भन्ने कुरा गर्छन् ।" यो भनाइ हो कैलालीको दरख–४, निम्दीकी २१ वर्षीया मञ्जु चौधरीको । 'सर्च फर कमन ग्राउण्डकी'  बिमला कठायतले रेडियोमा यो नाटक सुन्न आग्रह गरेपछि धेरै पहिलेदेखि नै नाटक सुन्ने केटीहरुको जमातमा लागेर मञ्जुले पनि यो नाटक सुन्न थालेकी हुन् ।

नाटकबाट आफूले पनि केही गर्नुपर्छ भन्ने प्रेरणा पाएका युवा–युवती मिलेर दरखमा न्यू सनलाइट युवा क्लब खोले । मञ्जुको गाउँमा पहिले पनि एउटा युवा क्लब थियो तर त्यसको प्रभाव राम्रो नभएकाले मानिसहरु 'क्लब भनेको बिग्रेका युवाहरुको जमात हो' भन्ने ठान्दथे । क्लबका युवाहरु रक्सी खाएर होहल्ला पनि गर्थे । तर रेडियो नाटक' नयाँ बाटो नयाँ पाइला'को 'छिनोफानो क्लब' भने फरक खालको पाइएकाले त्यस्तै राम्रो काम गर्ने युवा क्लब खोल्नुपर्छ भन्ने सल्लाह भएर यो क्लब खोलिएको मञ्जुले बताइन् । मञ्जु नै अहिले क्लबको अध्यक्ष बनेकी छिन् ।

मञ्जु बताउँछिन् – “शुरुमा त अर्को क्लबका युवाहरु एउटै गाउँमा अर्को क्लब खोलेर यिनीहरु प्रतिस्पर्धामा आएका हुन् भनेर रिसाए पनि तर हाम्रो क्लबमा धेरैजसो केटीहरु रहेका र हाम्रो क्लबले गाउँमा राम्रो काम गर्दै गएकाले हामीलाई गाउँलेहरुले सहयोग र समर्थन गर्न थाले ।”

मञ्जुका अनुसार उनीहरुको क्लबबाट गाउँमा सकारात्मक सन्देश दिने नाटक देखाइयो, २६ जना कमलहरीलाई मुक्त गराइयो, सामुदायिक वनमा स्वयंसेवकको रुपमा काम गरेर खरखडाइको बेला चराचुरुङ्गी मार्नुहुन्न अनि काँचो काठ पनि काट्नु हुन्न भनेर मानिसहरुलाई सम्झाइयो । अब भदौमा सरसफाइ कार्यक्रम गर्ने, त्यससम्बन्धी सडक नाटक पनि देखाउने र नजिकै रहेको कीर्तिपुर भन्ने बाढी पीडित क्षेत्रमा बाढी आउँदा कसरी बच्ने र बचाउने भन्नेबारेमा गाउँलेहरुलाई माइकिङ गरेर सजग गराउने योजना क्लबले बनाइसकेको छ ।

मञ्जु भन्छिन् – “यस्ता राम्रा कामहरु गरेपछि गाउँलेहरुले सहयोग नगर्ने त कुरै भएन नि ।”

स्थानीय रेडियोको प्रतिष्ठा बढाउने नाटक

## नाटक सुन्न श्रोताहरु पर्खेर बसेका पाइन्छन्

“हामीले रेडियो नाटक ‘नयाँ बाटो नयाँ पाइला’ लाई विज्ञापन आर्जन गर्ने माध्यम बनाउने हो भने राम्रै विज्ञापन पाउन सकिन्छ किनभने यो असाध्यै लोकप्रिय छ तर हामीले त्यसो गरेका छैनौं । बरु यसलाई त हामीले हाम्रो रेडियोको प्रतिष्ठा बढाउने कार्यक्रमको रुपमा लिएका छौं । अहिलेसम्म कुनै आधिकारिक खालको सर्वेक्षण नै त भएको छैन तर श्रोताहरुका पत्र, टेलिफोन र बेला–बेला उनीहरुसँग हुने गरेका भेटघाट आदिका आधारमा भन्दा यो धारावाहिक नाटक प्रसारण गर्न थालेपछि हाम्रो रेडियो सुन्ने श्रोताहरुको संख्या निक्कै बढेको छ ।” नेपालगञ्जमा रहेको रेडियो बागेश्वरी एफ.एम.का स्टेशन म्यानेजर नवीन गिरीको भनाइ हो यो ।

पहिले–पहिले हप्तामा तीनपटक प्रसारण गरिने यो नाटक अहिले हप्तामा दुई पटकमात्र काठमाडौंबाट आउने गरेको कुरा नवीनलाई चित्त बुझेको छैन । उनले यसरी प्रसारण समय घटाएपछि श्रोताहरुका धेरै गुनासोहरु झेल्नु परेको छ । नवीनलाई ‘आफ्ना श्रोताहरुले यो नाटक अत्यन्तै आनन्द लिएर सुनिरहेका छन् र नाटकभित्र उनीहरुले आफूलाई नै पाएका छन्’ भन्ने लाग्दछ । उनी र बागेश्वरी एफ.एम.का अन्य कर्मचारीहरुले ‘कतिपय श्रोताहरुको घर–दैलोमा पुग्दा श्रोताहरुले खोजी–खोजी यो नाटक सुन्ने गरेको पाएका छन् ।

सुदूर पश्चिम मिडिया विकास केन्द्र, धनगढीका अध्यक्ष उम्मिद वागचनले “नाटकले नयाँ र फरक स्वाद दिने भएकाले पनि यस्ता कार्यक्रमले रेडियोका श्रोताहरु बढाउने” बताए । उनले भने – “हामी दुई–तीनपटक फिल्डमा जाँदा यो नाटक आउँछ भनेर श्रोताहरु अरु काम नगरी सुन्नकै लागि पर्खेर बसेको पाएका छौं । हाम्रो जनजीवनमा यो नाटक अत्यन्तै मिल्दोजुल्दो छ । त्यसैले पनि यो लोकप्रिय भएको हो ।” वागचनको मिडिया विकास केन्द्रले आफैं पनि ‘हाम्रो संविधान’ भन्ने लघु नाटक बनाई प्रसारण गर्दा राम्रै अनुभव हासिल भएको बताए ।

बागेश्वरी एफ.एम.का नवीन गिरी "आफैंले पनि यस्तो नाटक बनाई प्रसारण गर्ने हो भने प्रभावकारी हुने तर त्यस्तो नाटक बनाउन व्यावसायिक टीम र कलाकारहरु एवम् यसका लागि केही ठूलै रकम चाहिने भएकाले त्यस्तो स्रोतको अभावका कारण स्थानीय स्तरका एफ.एम.हरुबाट यस्तो धारावाहिक बनाउन हाल सम्भव नभएको" उल्लेख गर्छन्।

कैलालीको अत्तरियामा रहेको घोडाघोडी एफ.एम.ले पनि यो नाटक प्रसारण गर्ने गरेको छ। सो एफ.एम.का समाचार वाचक रमेश भट्टराईलाई पनि रेडियो नाटक 'नयाँ बाटो नयाँ पाइला' असाध्यै मनपर्दो रहेछ। उनको विश्लेषण छ –"यस नाटकमा प्रस्तुत अभिनय जीवन्त छ। म चार वर्षदेखि सुन्दै आइरहेको छु। यो कोठे नाटक जस्तो छैन। यसले श्रोतालाई तानेको छ र श्रोताको मन पनि जितेको छ। स्थानीय एफ.एम.हरुले यो नाटक प्रसारण गर्न छाडे भने उनीहरुका श्रोताहरु घट्नेछन् र मर्का पर्नेछ। फेरि यतातिरका स्थानीय एफ.एम.हरुले स्थानीय स्तरमै यस्तो नाटक बनाउन खोजेपनि सिर्जनात्मक र 'प्रोफेसनल' क्षमता, रुचि र खर्चको अभावले गर्दा बनाउन सकिने स्थिति छैन।" यी कारणहरुले गर्दा रमेश र नवीन दुवैजना सर्च फर कमन ग्राउण्ड र एन्टेना फाउण्डेसनले यो धारावाहिकलाई निरन्तरता दिनुपर्ने बताउँछन्।

नवीन अझै थप्छन् –"स्रोतकै अभावले बन्द गर्नुपर्ने अवस्था रह्यो भनेपनि सबै मिलेर स्रोत जुटाउनु पर्छ। यस्तो अवस्थामा हामी पनि केही समयका लागि यो नाटक निशुल्क प्रसारण गरेर सहयोग गर्न सक्छौं।"

आयआर्जनको काममा अभिप्रेरणा

## जूस बनाई बेचेको कुराले पेमालाई बाटो देखायो

धारावाहिक रेडियो नाटक 'नयाँ बाटो नयाँ पाइला' मा युवाहरुले गाउँमा फलफूलबाट जूस बनाएर सरदमुकाम लगी बेचेर आयआर्जन गरेको कुराले दाङको मसुरियाकी पेमा चौधरीलाई पनि आयआर्जनका लागि उत्साहित बनायो।

खर्चको अभावमा आफ्नो पढाइलाई निरन्तरता दिन पेमालाई गाह्रो भइरहेको थियो। उनले नाटकबाट आयआर्जनको उपाय थाहा पाएपछि आफ्नो बारीमा तरकारी फलाई बजारमा लगेर बेच्ने विचार गरिन्। पेमा भन्छिन् – "पहिले त तरकारी बोकेर बजारमा लगी बेच्न लाज लाग्थ्यो तर नाटकमा जूस बनाएर बजारमा लगी युवाहरुले बेचेको कुरा सुनेपछि मैले पनि त्यसो गर्दा केही हुन्न भन्ने प्रेरणा जाग्यो। त्यही भएर तरकारी बेच्न शुरु गरेकी हुँ।"

यसरी तरकारी फलाई बेचेर आएको पैसाले पेमालाई आफ्नो माध्यमिक तहको अध्ययन पूरा गर्न सघाएको छ। पेमा स्थानीय लालीगुराँस रेडियो श्रोता क्लबकी सक्रिय सदस्य पनि हुन्।

दृष्टिविहीनमा पनि प्रेरणा

## नाटक सुन्न थालेपछि जिस्क्याउन छाडे

सुर्खेत जिल्लाको रामघाट गा.वि.स.मा रहेको शिखर उच्च मा.वि.मा अध्ययनरत् दृष्टिविहीन विद्यार्थीहरुले पनि सामूहिक रुपमा रेडियो सुन्ने गरेको पाइएको छ । उनीहरुका शिक्षक (नीलकण्ठ सर) पनि दृष्टिविहीन हुनुहुन्छ । उनीहरुलाई सोही स्कूमा खाने-बस्ने व्यवस्था गरिएको छ । नीलकण्ठ सर भन्नुहुन्छ -'जहिलेदेखि 'नयाँ बाटो नयाँ पाइला' प्रसारण हुनथाल्यो त्यो बेलादेखि नै विद्यार्थी शिक्षक सबैजना सँगै बसेर एउटै रेडियोमा सुन्न थालेका छौं । यदि कोही बाहिर गएको बेला पर्‍यो भने फर्केपछि उनलाई के भयो भनेर छुटेको कुरा सुनाउँछौं ।'

यी दृष्टिविहीनहरु मध्येकै एकजना १२ वर्षीया बालिकाले बताइन् -'नयाँ बाटो नयाँ पाइलाले मेरो जीवन सँगसँगै मेरो घर परिवारलाई समेत परिवर्तन गरेको छ । त्यसैले त म आँखा नदेख्ने भएपनि विद्यालय पढ्न पाइरहेकी छु । पहिला त मलाई मेरो समाजले आँखा नदेख्ने केटी भनेर जिस्क्याउने गर्दथ्यो । गाउँलेहरुले पनि नाटक सुन्न थालेपछि जिस्क्याउन छाडेका छन् । त्यो नाटकबाट मैले सिकेको कुरा भनेको कमला दिदीको भूमिका हो । नाटकमा कमला दिदीले आफू अपाङ्ग भएपनि आफ्नो ठाउँका लागि निक्कै राम्रो काम गरेकाले मलाई पनि त्यसरी नै अगाडि बढ्न बारम्बार प्रेरणा प्राप्त हुने गरेको छ ।'

### सामूहिक रुपमा नाटक सुन्नेहरु

दाङको सतबरिया, वडा नं. ३ मा स्थानीय लक्ष्मी रिलेक र लक्ष्मी युवा क्लबका २६ जना सदस्यहरुले स्थानीय युवा क्लबमै भेला भई रेडियो नाटक 'नयाँ बाटो नयाँ पाइला'को प्रत्येक नयाँ अङ्क सामूहिक रुपमा सँगै बसेर सुन्ने र नाटकका बारेमा छलफल गर्ने गरेको स्थानीय युवा इन्द्र चौधरीले बताए ।

रुकुम जिल्लाको खलङ्गा गाविसको सुनिबोटका युवाहरुले स्थानीय सिस्ने खोला निवासी लक्ष्मण खड्काको घरमा भेला भई नियमित रुपमा रेडियो नाटक 'नयाँ बाटो नयाँ पाइला' सुन्ने गरेको कुरा स्थानीय युवा दिनेश खड्काले उल्लेख गरे । नाटक सुनेर युवाहरु आगामी शृङ्खलामा नाटक कसरी अगाडि बढ्ला भनेर अनुमान र विश्लेषण पनि गर्छन् । उनीहरुको अनुमान ३० प्रतिशत मिल्ने गरेको खड्काले बताए । यो नाटक सुन्ने क्रम शुरु भएपछि युवाहरुबाट हुने नराम्रो काम र कुलतमा कमी आएको उनीहरुको अनुभव छ ।

## 'रेडियो सुन्नेमध्ये ६१ प्रतिशतले 'नयाँ बाटो नयाँ पाइला' सुन्छन्'

*(सर्च फर कमन ग्राउण्डले गरेको श्रोता सर्वेक्षणको निष्कर्ष)*

सर्च फर कमन ग्राउण्डले सन् २००९ मा तीनवटा श्रोता सर्वेक्षण र ५६ वटा लक्षित समूह छलफल सम्पन्न गरेको छ । यसमा आधारित केही तथ्यहरु निम्नानुसार छन् ।

### श्रोता सर्वेक्षण :

- सन २००९ को जनवरीदेखि नोभेम्बरसम्म १० वटा जिल्लामा १७९२ जनासँग अन्तर्वार्ता गर्दा १७७३ जनाले रेडियो सुन्ने गरेको बताए ।
- उल्लिखित श्रोताहरुमध्ये जनवरीमा 'नयाँ बाटो नयाँ पाइला' सुन्ने ५१ प्रतिशत थिए भने नोभेम्बरसम्म आइपुग्दा १० प्रतिशत बढेर यो संख्या ६१ प्रतिशत पुगेको थियो ।
- पुरुषभन्दा महिला श्रोताहरुले 'नयाँ बाटो नयाँ पाइला'का बढी शृङ्खलाहरु सुनेको पाइयो ।
- यो धारावाहिक सुन्नेहरुमध्ये ७० प्रतिशतभन्दा बढी १८ देखि २४ वर्षसम्मका युवाहरु थिए ।
- तीनवटै सर्वेक्षणमा ९५ प्रतिशतभन्दा बढी श्रोताहरुले यो नाटकले वास्तविक परिस्थिति झल्काएको बताए
- ७८ प्रतिशत श्रोताले यस नाटकले स्थानीय द्वन्द्व तथा झै-झगडा र सामान्य विवादहरु समाधान गर्न मद्दत पु¥याएको उल्लेख गरे ।
- नोभेम्बरमा गरिएको सर्वेक्षणमा यस नाटकमा उठाइएका सवालका बारेमा ६६ प्रतिशतले कहिलेकाहीँ परिवार, साथीभाइ, युवा क्लब, समुदाय लगायत महिला समूहसँग पनि छलफल गर्ने गरेको बताए ।

### लक्षित समूह छलफल :

- सन् २००९ को अगष्टदेखि डिसेम्बरसम्ममा गरिएका ५६ वटा लक्षित समूह छलफलमा ५ वटा जिल्लाका ५६५ जना मानिसहरु सहभागी थिए ।
- यो नाटक सुनेर श्रोता सहभागीमा वा अरु कसैमा कुनै किसिमको व्यवहार परिवर्तन भएको छ कि भनेर सोध्दा धेरैजसोले गाउँका युवाहरुमा र विशेषगरी महिला युवाहरुमा नेतृत्व विकास भएको र सामाजिक क्रियाकलापमा सहभागिता बढेको बताए । त्यसैगरी अभिभावक र उनका छोरीहरुबीच कुराकानी एवम् छलफल गर्ने अभ्यास बढेको जानकारी पनि दिए ।
- नाटकको प्रभावबाट युवाहरुले द्वन्द्व पहिचान गर्ने र सम्वादद्वारा त्यसको समाधान गर्ने गरेको श्रोताहरुले उल्लेख गरे ।
- नाटकका पात्रहरुमध्ये सबैभन्दा लोकप्रिय पात्रमा जानकी बज्यै, चेतना, वन्दना, दुर्गा, कमला र शरद जस्ता सकारात्मक भूमिकाका पात्रहरु थिए । उनीहरुको जीवनप्रतिको सकारात्मक दृष्टिकोणले व्यवहार परिवर्तन गर्न सहयोगी भूमिका खेलेको पाइयो ।

*उल्लिखित घटना–अध्ययन, श्रोताहरुबाट अभिव्यक्त भनाइ र अन्य तथ्यहरुले रेडियो धारावाहिक नाटक 'नयाँ बाटो नयाँ पाइला' लोकप्रिय मात्र होइन बरु श्रोताहरुको धारणा बदल्न र उनीहरुको व्यवहारमा परिवर्तन ल्याउन समेत सफल र प्रभावकारी बनेको तथ्यलाई पुष्टि गर्दछन् । यसैगरी २०६७ सालको असार–साउनमा यस लेखकले नेपालका सामुदायिक रेडियोहरुको छाता संगठनको रुपमा रहेको सामुदायिक रेडियो प्रसारक संघको कामका सिलसिलामा विभिन्न सामुदायिक रेडियोहरुको भ्रमण गरी कुराकानी गरेको थियो । सो कुराकानीका आधारमा पनि प्रायः सबैतिर काठमाडौंमा तयार पारी सामुदायिक रेडियोहरुलाई पठाइने 'सिण्डीकेटेड कार्यक्रमहरु' मध्ये 'नयाँ बाटो नयाँ पाइला' जस्ता रेडियो नाटकहरु स्थानीय ग्रामीण क्षेत्रका श्रोताहरुका लागि धेरै प्रभावकारी भएको थाहा भयो । सामुदायिक रेडियोका प्रतिनिधिहरुले यो धारावाहिक नाटक शिक्षात्मक मनोरञ्जन र सन्देश दिई मानिसहरुको व्यवहारमा परिवर्तन ल्याउन उल्लेखनीय योगदान दिने खालको छ भन्ने बताए ।*

नाटकले ल्याएको परिवर्तनबारे

## *केही श्रोताहरुका सङ्क्षिप्त भनाइ*

*"शुरुमा मेरो ममी हामी सामाजिक काममा जाँदा गाली गर्नुहुन्थ्यो । उहाँमा 'गाउँको काम अरुहरुले नै गरिहाल्छन् नि..., पैसा पनि नपाइने त्यस्तो काम किन गर्ने ?' भनेजस्तो भावना थियो तर जब उहाँले पनि धारावाहिक रेडियो नाटक 'नयाँ बाटो नयाँ पाइला' सुन्न थाल्नुभयो उहाँको मनबाट पुरानो भावना हट्न थाल्यो । उहाँमा आजकल सामाजिक कामहरुप्रति जागरुकता आएको छ ।"*

**–संसार 'सायर' तुम्बाहाङ, सिबुवा, संखुवासभा**

*"म १२ वर्षको हुँदा माओवादीमा लागेको थिएँ । त्यतिखेर म ८ कक्षामा पढ्दै थिएँ । त्यसैबेला अर्थात् कलम र कापी बोक्ने बेलामा बन्दुक र बमसँग खेल्न सिकें । २०६२–६३ को जनआन्दोलनपछि म घर फर्के । गाउँमा स्थापित हुन पहिले जति सजिलो भएन तर बिस्तारै रेडियो नाटक 'नयाँ बाटो नयाँ पाइला'को प्रभावले गर्दा गाउँलेहरुको दृष्टिकोणमा परिवर्तन आउन थाल्यो र म स्थापित हुन सकें । अहिले एस.एल.सी. पनि पास गरें । नाटकको खड्ग जस्तै म युवा सञ्जालमा पनि आबद्ध छु ।"*

**–रमेश क्षितिज, तिजाली, डोटी**

*"शुरुमा म मान्छेहरुसँग बोल्न र खुलेर कुरा गर्न सक्दैन थिएँ । लाज लाग्थ्यो । आत्मविश्वासको पनि कमी भए झैं लाग्थ्यो । जब म रेडियो नाटक 'नयाँ बाटो नयाँ पाइला' सुन्न थालें बिस्तारै आफ्नो त्यो बानीमा परिवर्तन भएको महसुस गर्न थालें । आजकल त मलाई सामूहिक कार्यमा अगाडि आएर बोल्न कुनै अप्ठ्यारो लाग्दैन ।"*

**–लक्ष्मण डाँगी, अर्मा–३, रुकुम (हालः सुर्खेत क्याम्पस)**

स्रोतः एन्टेना फाउन्डेसन नेपाल

### *हत्या गर्ने भावनामै परिवर्तन*

*(नाम खोल्न नचाहने बाजुराका एक युवाको चिठीको मूल अंश)*

कुरा २०५९ बैशाख महिनाको हो । म एस.एल.सी.को परीक्षा दिएर बाजुराको सदरमुकाम मार्तडीबाट घरतिर फर्कंदै थिएँ । त्यसैदिन माओवादीले मेरो बुबाको हत्या गरे । उहाँ गाविसको अध्यक्ष हुनुहुन्थ्यो । यो घटना भएपछि म र मेरो भाइ गाउँबाट विस्थापित भई सदरमुकाममा बस्न थाल्यौं । त्यसबेला मैले मेरो बुबाको हत्या गर्नेहरुको नाम-लिष्ट तयार पारी उनीहरुको पनि त्यसरी नै हत्या गरेर बदला लिने अठोट गरेको थिएँ । तर, जब मैले रेडियोबाट प्रसारण हुने नाटक नयाँ बाटो नयाँ पाइला सुन्न थालें, मेरो भावनामा परिवर्तन आउन थाल्यो । आजकल म हत्याको बदला हत्या गरेर मान्छे मार्ने शृङ्खला बढाउनेभन्दा बुबाको हत्या गर्नेहरुको कमी कमजोरी सुधार्ने अवसर सिर्जना गर्न योगदान दिने सकारात्मक सोच लिएर काम गर्न थालेको छु ।

## *हेडसरको चिठी*

*मितिः २०६७।३।३२*

*"म यो नाटकको नियमित श्रोता नै हुँ। नाटक शुरु भएको पहिलो शृङ्खलाबाट नै सुन्दै आएको छु। वास्तवमा भन्ने हो भने यो नाटकले हामी जस्ता ग्रामीण क्षेत्रमा बस्ने युवाहरुलाई आफ्नो गाउँमा बसेर नै केही गर्नुपर्छ भन्ने र पिछडिएको, अन्धविश्वासमा रुमल्लिइरहेको, जनचेतनाको अभाव भएको, विकासको पूर्वाधार केही नभएको ठाउँको विकास गर्न र देशमा रोजगारीको अवसर नपाई विदेशतिर पलायन हुन बाध्य भएका युवाहरुलाई आफ्नो गाउँ वा देशमा बसेर गाउँ, समाज र राष्ट्रकै विकास गरी असल नागरिक बन्न सकिने कुराको प्रेरणा दिएको छ।*

*त्यस नाटकमा भएका सबै पात्रहरुको भूमिका आ-आफ्ना ठाउँमा अति नै उत्कृष्ट छ तर पनि उक्त नाटकमा बरुण सरको भूमिकाको बारेमा दुई शब्द लेख्न गइरहेको छु किनभने ... उहाँले निभाउनु भएको कर्तव्यप्रति मेरो ध्यान बढी आकृष्ट भएको छ। म पनि उहाँ जस्तै रुपन्देही जिल्ला, सक्रौन पकडी गाविस, वडा नं. २, पडरहवामा अवस्थित श्रीराम निमाविको प्र.अ. हुँ। यो विद्यालय रुपन्देही जिल्लाको दक्षिणी क्षेत्रमा पर्दछ। जहाँका जनताको मातृभाषा नेपाली छैन। शैक्षिक, सामाजिक, राजनीतिक तथा आर्थिक अवस्था अति नै दयनीय छ।*

*नाटकमा जस्तै आफूलाई बरुण सरको स्थानमा राखेर आफ्नो विद्यालय, गाउँ र समाजलाई सुधार्ने कोशिस त नाटक सुनेर म गरिरहेको छु तर नाटकमा बरुण सरले जति गर्नु भएको छ त्यति गर्न यहाँका अभिभावक, विद्यालय व्यवस्थापन समिति, राजनीतिक पार्टीका प्रतिनिधि तथा जनताहरुको चेतनाको कमी भनौं वा धेरै पहिलेदेखि नै जरा गाड्दै आएको यहाँको संस्कृतिले गर्दा सजिलो छैन। विद्यालय भनौं वा अन्य कुनैपनि सार्वजनिक चीजप्रति यो हाम्रो हो भन्ने भावनाको विकास हुन सकेको छैन। एउटा विद्यालय व्यवस्थापन समितिको गठन गर्दा त सर्वसम्मत हुन सक्दैन, संसदको चुनावभन्दा बढी अस्वस्थ प्रतिस्पर्धा भई आफ्नो निजी स्वार्थका लागि समितिमा पुग्ने होडबाजी चल्छ।*

*उक्त नाटक सुन्न थालेपछि मैले पनि विद्यालय र यहाँको समाजका लागि केही गर्नुपर्छ भन्ने धारणा पैदा भई विद्यालयलाई प्रा.वि. तहबाट नि.मा.वि. तहसम्म पुऱ्याउन सफल भएको छु। यही शैक्षिक सत्रदेखि कक्षा-८ को अनुमति पनि प्राप्त भइसकेको छ। विद्यालयको शैक्षिक, आर्थिक र भौतिक अवस्थामा पनि क्रमिक रुपमा सुधार गर्दै गएको छु। समय-समयमा अभिभावक भेला, शिक्षक-अभिभावक संघको बैठक, विद्यालय व्यवस्थापन समितिको बैठक र शिक्षक-स्टाफ बैठक राखी विद्यालयको प्रगतिका लागि गर्नुपर्ने कुराहरु गर्न सहयोग माग्ने कार्य गर्दै आएको छु।*

*बरुण सरले उक्त नाटकमा विद्यालय, गाउँ र समाजका लागि जति राम्रो काम गर्नु भएको छ त्यति काम मैले गर्न नसके पनि उहाँको त्यो उत्साह, अठोट, दृढ संकल्प, कठोर मेहनत र जाँगरले मलाई पनि केही गरौं-गरौं जस्तो लागेर प्रयास गरि नै राखेको छु। उहाँको प्रेरणाले ममा उर्जा थपिएकोले भविष्यमा मैले आफ्नो विद्यालय, गाउँ र समाज अनि देशकै लागि केही गर्ने अठोट लिएको छु। जन्मथलो यस जिल्लामा नभए पनि कर्मथलोमा केही गर्ने उद्देश्यमा म लागिरहेको छु।*

*अन्त्यमा नाटकका बारेमा लेख्नुपर्ने कुराहरु धेरै भएपनि निकट भविष्यमा अझै नयाँ र परिमार्जित भई धारावाहिक नाटक 'नयाँ बाटो नयाँ पाइला'ले निरन्तरता पाउने आशा राख्दै यी मेरा दुई शब्द अहिलेलाई यहीँ अन्त्य गर्न चाहन्छु । धन्यवाद ।*

*कृष्णप्रसाद पन्थ*
*श्रीराम निमावि, पडरहवा*
*सक्रौन पकडी - २, रुपन्देही*

परिच्छेद-४

धारावाहिक रेडियो नाटक 'नयाँ बाटो नयाँ पाइला'को
# प्रभावकारिता र लोकप्रियताका आधारहरु

धारावाहिक रेडियो नाटक 'नयाँ बाटो नयाँ पाइला' लोकप्रिय एवम् प्रभावकारी हुनु र युवाहरुमा यसले व्यवहार परिवर्तनका प्रभावहरु छोड्न सफल हुनुको पछाडिका तथ्यहरु विश्लेषण गर्दा यस धारावाहिकले निम्न आधारहरुलाई राम्रोसँग ध्यान दिनसक्नु नै सोको प्रमुख कारणको रुपमा पाइएको छ ।

## समसामयिकता

यस रेडियो नाटकले सशश्त्र द्वन्द्वबाट शान्ति निर्माणतर्फ अगाडि बढिरहेको र संविधान निर्माण एवम् राज्य पुनर्संरचनाको क्रममा रहेको वर्तमान नेपालको संक्रमणकालीन ग्रामीण समाज, त्यहाँको परिवेश र प्रत्यक्ष समसामयिक परिस्थिति एवम् त्यहाँका युवाहरुको वास्तविक भोगाइलाई नै आफ्नो कथावस्तुमा समेटेको छ । यसको अलावा नाटकले प्रसारणको समयमा मुलुकमा देखापर्ने सांस्कृतिक चाडवाड र राजनीतिक घटनाक्रमजस्ता कुराहरुलाई पनि नाटकको सन्दर्भको रुपमा गाँस्ने गरेकाले यो नाटक सान्दर्भिक र सामयिक बनेको छ। नाटकका दशैंताकाका शृङ्खलाहरुमा दशैंकै कुराहरु हुनु, संविधानसभाको निर्वाचनका बेला नाटकका पात्रहरुले संविधानसभाकै बारेमा कुराकानी गर्नु यसका उदाहरणहरु हुन् । मानिसहरु आफ्नो वरपर र आफ्नो मुलुकमा बेला-बेला जे जस्ता परिस्थितिहरु पाउँछन् त्यस्तै परिस्थिति यस नाटकमा पनि भेट्दछन्। रोल्पाको माडीचौरबाट सदरमुकाम लिवाडतिर आइरहेका रमेश मगर सिमलवाङ भन्ने गाउँमा फेला परे । उनले भने - *'नाटक सुनौं-सुनौं लाग्ने खालको त छँदैछ यसबाट देशमा भइरहेका समय अनुरुपका गतिविधि र तिनमा हामी युवाले कस्तो दृष्टिकोण लिनुपर्छ भन्ने कुरा पनि थाहा हुन्छ। त्यसमा पनि हाम्रो रोल्पाको सन्दर्भमा त यो एकदम 'फिट' छ।'*

## मानवीय अभिरुचि

नाटक आफैंपनि मानिसहरुका लागि अभिरुचिपूर्ण हुन्छ । त्यसमा पनि यस नाटकमा बेला-बेला हास्यरसको प्रयोग हुनु, प्रेम र संवेगका कुराहरु पर्नु, कतै मानवीय खुशी र कतै मानवीय दर्दहरु समेटिनु, शृङ्खलाको शुरु र अन्त्यमा अघिल्लो र पछिल्लो शृङ्खलाको सम्बन्ध गाँसिदिनु जस्ता कारणहरुले यो नाटकको प्रस्तुतीकरण श्रोताहरुलाई भरपूर मनोरञ्जन दिन, अब के होला भन्ने उत्सुकता जगाउन र पछिल्लो शृङ्खला पनि सुन्नका लागि उत्सुक बनाउन सफल देखिन्छ । नाटकमा समावेश भएका अधिकांश पात्रहरुका प्रवृत्ति स्वाभाविक लाग्ने खालका छन्। कतिपय पात्रहरुका व्यवहारमा स्वाभाविक ठट्यौली र नवयुवाहरुको उमेर समूहमा पाइने उरन्ठेउलो पन जस्ता कुराहरुले नाटक रमाइलो पनि छ। यस नाटकका बारेमा गरिएको अध्ययनका क्रममा कैलालीको धनगढीमा भेटिएका नाटकका नियमित स्रोता रमेश वि.क.ले भने - *"दिनभरको कामबाट थाकेर घर फर्कंदा म आज 'नयाँ बाटो नयाँ पाइला' आउँछ कि आउँदैन भनेर सम्झने गर्छु। नाटक आएको बेला खाटमा डङ्ग्रङ पल्टिएर, कहिलकाहीँ त आँखा समेत चिम्लिएर सुन्छु। नाटक साँच्चै नै मजाको र रमाइलो छ। यो नाटक सुनेपछि मेरो थकाइ पनि मर्छ।" उनले प्रश्न गरे -"यो नाटक दिनहुँ दिन सकिन्न र ?"*

## निकटता वा सामिप्यता

नाटकले मूलतः ग्रामीण युवाहरुलाई लक्षित गरेको छ, गाउँकै कथावस्तु र सान्दर्भिक भोगाइहरुलाई समेटेको छ। श्रोताहरु जब यो नाटक सुनिरहेका हुन्छन् त्यसबेला उनीहरु आफू पनि त्यही नाटकमा कतै छु भन्ने सोचिरहेका हुन्छन् । यी कारणहरुले गर्दा उनीहरु नाटकको कथावस्तुमा आफ्नै परिवेश, आफ्नै वा आफूले भोगेको प्रवृत्ति र व्यवहार एवम् कहिलेकाहीँ आफ्नै कथासमेत पाउँछन्। नाटकको कथावस्तुलाई अगाडि बढाउन श्रोताका चिठी-पत्र र नाटक निर्माताहरुले बेलाबेला ग्रामीण परिवेशको अध्ययन भ्रमण गरी पाएका

जानकारीहरुलाई मूल आधारको रुपमा लिने गरेकाले पनि श्रोताहरुसँग निकटता वा सामिप्यताको सम्बन्ध गाँस्न नाटक सफल छ। बर्दियाको अनन्तपुरकी सुनिता चौधरी भन्छिन् - *"मलाई त नाटक सुनिरहँदा नाटकमा कमली भन्ने केटी छ नि, हो ! त्यो त मै हुँ जस्तो लाग्छ। यो नाटकले गाउँघरको कुरालाई कस्तो ठ्याक्कै समातेर प्रसारण गरेको ?"*

## नवीनता

नाटकको शृङ्खला अघि बढ्दै जाँदा बीच-बीचमा नयाँ पात्रहरु पनि देखा पर्ने गरेका छन्। निरन्तर नयाँ प्रसङ्गहरु आउने गरेका छन् र श्रोताहरुका लागि कतिपय नवीन जानकारीहरु पनि नाटकमा समेटिने गरेका छन्। कथावस्तुमा बेलाबेला नयाँ मोड दिने गरिएको छ। हरेक शृङ्खलामा अब के होला भन्ने कौतुहलता सिर्जना गर्ने गरिएको छ। यी कारणहरुले गर्दा नाटकले बारम्बार नवीनताको स्वाद पस्कने गरेको पाइन्छ।

## सहज उपलब्धता

नेपालको ग्रामीण समुदायका लागि अन्य आमसञ्चार माध्यमहरुभन्दा रेडियो नै सस्तो र सहज माध्यमको रुपमा रहेको छ। कतिपय अरु काम गर्दागर्दै पनि रेडियो सुन्न सकिन्छ। यो नाटक पनि सबैतिर प्रायः सुनिने रेडियो नेपाल र देशका विभिन्न भागका ४० भन्दा बढी स्थानीय एफ.एम.हरुबाट प्रसारण हुने भएकाले लक्षित श्रोताहरुका लागि सहज रुपमा उपलब्ध रहेको छ। उदयपुरको रेडियो त्रियुगामा काम गर्ने भाष्कर चौधरी भन्छन् - *'हामी पनि यो नाटक बजाउँछौं। हाम्रो क्षेत्रमा पनि यो नाटक निक्कै लोकप्रिय छ।'*

धारावाहिक रेडियो नाटक 'नयाँ बाटो नयाँ पाइला'का लागि यो गीत घमराज लुईंटेलले लेख्नु भएको हो। यसलाई राजु सिंहले सङ्गीत दिनु भएको छ भने अञ्जना गुरुङ र जगदिश हमालले गाउनु भएको छ।

### धारावाहिक रेडियो नाटक 'नयाँ बाटो नयाँ पाइला'को शीर्षगीत

*हामी युवा हौं, साहसिला छौं*
*नयाँ बाटो नयाँ पाइला ....*
*मिजास हँसिलो, बोली रसिलो, मायालु मन राम्रो*
*भविष्य आफ्नो कोर्दछौं आफैं परिश्रम गर्दछौं*
*माया गरेर संसार सिङ्गै बदल्न सक्दछौं*
*नयाँ बाटो नयाँ पाइला ....*
*राम्रा नराम्रा मान्छे बसेको समाजमा हामी छौं*
*आँशु र हाँसो दुवै सँगाली अगाडि बढ्दैछौं*
*संघर्ष गर्दै, सिक्दै र बुझ्दै प्रगति गर्दैछौं*
*शान्ति र विकास चाहन्छौं हामी निर्माण गर्दैछौं*
*नयाँ बाटो नयाँ पाइला ....*
*चञ्चले हामी ख्यालठट्टा गर्छौं रमाइलो गर्दछौं*
*अन्याय, भेदभाव सहन्नौं हामी न आफू गर्दछौं*
*उमङ्ग, आँट, जाँगर छ मनमा विश्वास धेरै छ*
*हामीले चाहे झुक्दछ पहाड नहुने के नै छ*
*नयाँ बाटो नयाँ पाइला ....*

धारावाहिक रेडियो नाटक 'नयाँ बाटो नयाँ पाइला'का लागि यो गीत घमराज लुईंटेलले लेख्नु भएको हो। यसलाई राजु सिंहले सङ्गीत दिनु भएको छ भने अञ्जना गुरुङ र जगदिश हमालले गाउनु भएको छ।

## सबैभन्दा बढीले बुझ्ने भाषा

देशभरि प्रसारण हुने यो धारावाहिक रेडियो नाटक नेपाली भाषामै तयार पारिएकाले सबैका लागि नभए पनि अरु कुनैपनि भाषाको तुलनामा देशको सबैभन्दा बढी जनसंख्याले बुझ्ने भाषामा प्रसारण हुने गरेको छ। नाटकमा प्रस्तुत हुने गरेको भाषा अधिकांशतः सरल नै छ। कतै कतै 'हु केयर्स क्या !, कम्युनिकेबल डिजिज क्या ब्रो' जस्ता शब्दहरु कतिपय श्रोताहरुका लागि अप्ठ्यारा पनि छन् तर तिनले शहरिया युवाको भाषिक प्रवृत्ति झल्काउन र श्रोताहरुलाई

मनोरञ्जन दिन पनि सघाएकाले एकदमै अप्ठ्यारो मानिहाल्नु पर्ने अवस्था पनि छैन । बरु नाटकमा शुरुदेखि नै विभिन्न पात्रहरुका माध्यमबाट पूर्वी नेपालको, पश्चिमी नेपालको, शहरको, गाउँको र पछिल्ला शृङ्खलाहरुमा तराइको लवज जस्ता विभिन्न उमेर समूह, क्षेत्र र भाषिक समूहले प्रयोग गर्ने शब्द र लवजहरुको प्रयोग गरिएकाले विभिन्न श्रोताहरुले त्यसमा आफ्नो पन महसुस गर्न सक्ने स्थिति पाइन्छ । बर्दियाको अनन्तपुरकी सुनिता चौधरीलाई तपाईं त तराईकी मान्छे, नाटक त पहाडको परिवेशमा छ, फेरि नेपाली भाषामा आउँछ, अलि नमिलेजस्तो लाग्दैन भन्ने प्रश्न गर्दा उनले बताइन् – *"त्यस्तो नमिल्ने र अप्ठ्यारो छैन । चेतनाको कथामा आएको दाइजोसम्बन्धी कुरा, मसलीलाई बोक्सीको आरोप लगाएको कुरा, यस्ता धेरै कुरा हाम्रो तराईको समाजमा पनि मिल्छन् । फेरि तराईभाषी बन्दना पनि त सुनिन्छिन् नि नाटकमा । भाषाकै कुरा गर्दा आजकल त तराईमा पनि मेचीदेखि महाकालीसम्मै सबैभन्दा बढीले बुझ्ने भाषा त नेपाली नै हो नि ।"*

## समयको उपयुक्तता

ग्रामीण क्षेत्रमा पनि बिहान र दिउँसो धेरैजसो मानिसहरु काममा जाने र बेलुकीपख धेरै ढिलो हुँदा पनि मानिसहरु सुतिसक्ने भएकाले धेरैजसो रेडियोहरुले साँझ ७-८ बजेको बीचमा प्रसारण गर्ने गरेको यो नाटक प्रसारण समयको आधारमा पनि उपयुक्त देखिन्छ ।

## लक्षित श्रोताहरुको सहभागिता

नाटकको कथावस्तु तयार पार्ने क्रममा श्रोताहरुका सुझावलाई एउटा मूल आधारको रुपमा लिने, स्थलगत भ्रमणहरु गरेर बेलाबेला श्रोताहरुसँग अन्तरक्रिया गर्ने, सर्च फर कमन ग्राउण्डका ग्रामीण क्षेत्रका सहजकर्ताहरु र देशका विभिन्न भागमा रहेका शान्तिका लागि युवा सञ्जाल एवम् युवाहरुका क्लबहरुबाट नाटकका बारेमा युवाहरुका बीचमा छलफल चलाउने जस्ता प्रक्रियाले यो नाटकका सन्दर्भमा लक्षित श्रोताहरुको सक्रिय अन्तर्क्रियात्मक सहभागिता रहेको पाइन्छ ।

## निरन्तरता

शिक्षात्मक सन्देशमूलक कार्यक्रमहरु एक-दुईपटक मात्र भन्दा निरन्तर प्रसारण गर्नाले श्रोताहरुमा त्यसले बारम्बार स्मरण दिलाउने र विभिन्न सन्दर्भहरुका आधारमा श्रोताको मष्तिष्कलाई बारबार घच्घच्याइरहने खालको प्रस्तुतीकरणमै बढी प्रभावकारी हुन्छन् । यस्तो निरन्तरता धारावाहिक नाटकहरुको आफ्नै विशेषता पनि हो । रेडियो नाटक 'नयाँ बाटो नयाँ पाइला' पनि धारावाहिककै रुपमा र त्यसमा पनि २०६३ सालदेखि लगातार एवम् हप्तामा दुई-तीन पटक प्रसारण हुने गरेकाले यसले आफ्नो प्रभावकारिता वृद्धि गर्न सकेको छ ।

## प्रचार र अन्य सहयोग

नाटक प्रसारणको प्रारम्भमै ठाउँ-ठाउँमा पर्चा र स्टिकर आदिको माध्यमबाट जानकारी प्रवाह गरिएको पाइयो । यसका साथै नाटकका थुप्रै शृङ्खलाहरु भएको सिडी चक्काको निर्माण र वितरण गरेको पनि भेटियो । नाटकका बारेमा छलफल गर्ने निर्देशिका जस्ता सामग्रीको प्रकाशन र वितरण, सर्च फर कमन ग्राउण्डका ग्रामीण क्षेत्रमा रहेका सहजकर्ताहरु र सो संस्थाकै सहजीकरणमा निर्माण भएका युवाहरुका विभिन्न समूहहरुद्वारा लक्षित श्रोताहरुलाई नाटक सुन्न अभिप्रेरित गर्ने काम, युवा समूहहरुमा हुने नाटकसम्बन्धी छलफल, नाटक सुनेर आफ्नो व्यवहार परिवर्तन गर्नेहरुलाई युवाहरुका 'शान्तिका लागि युवा सञ्जाल' जस्ता समूहबाट सार्वजनिक रुपमा गरिने सम्मान आदिले पनि यो नाटक सुन्न मानिसहरुलाई उत्प्रेरित गरेको थाहा भयो । यस्ता प्रयत्नहरुले पनि नाटकका श्रोताहरु बढाउन राम्रो सहयोग पुगेको छ ।

### सुझावहरु

यस अध्ययनको क्रममा गरिएको कुराकानीका बेला श्रोताहरुले धारावाहिक रेडियो नाटक 'नयाँ बाटो नयाँ पाइला'का सन्दर्भमा थुप्रै सुझावहरु पनि दिए । त्यसैका आधारमा यो नाटकका उत्पादक संस्थाद्वय सर्च फर कमन ग्राउण्ड र एन्टेना फाउन्डेसन एवम् नाटक निर्माणमा संलग्न टोलीले ध्यान दिँदा राम्रो हुने ठानिएका सुझावहरु तल उल्लेख गरिएका छन् :

- शुरुमा हप्तामा तीनपटक प्रसारण गरिने यो नाटक पछिल्लो समयमा आएर दुईपटक मात्र प्रसारण गरिएको कुरा श्रोताहरुलाई पटक्कै चित्त बुझेको छैन । श्रोताहरु चाहन्छन् – यो नाटक प्रत्येक दिन नभएपनि हप्तामा तीनपटक नै प्रसारण होस् र कहिल्यै बन्द नभई निरन्तर चलिरहोस् ।
- यस नाटकमा अभिनय गर्ने पुराना कलाकारहरुको तुलनामा अहिलेका कलाकारहरुको अभिनय अलि फरक छ र पहिलेकै कलाकारहरुको अभिनय श्रोताहरुले बढी रुचाएका छन् । उनीहरु चाहन्छन् – सधैं सम्भव नभएपनि पुराना कलाकारहरुलाई बेला–बेला अतिथिको रुपमा भएपनि नाटकमा ल्याइयोस् ।
- अरु ठाउँको तुलनामा टेलिभिजनको पहुँच नभएका ग्रामीण क्षेत्रहरुमा यो नाटक बढी सुनिने गरेकाले यसले ती श्रोताहरुलाई नै आफ्ना प्राथमिक लक्ष्यित श्रोता ठानेर अगाडि बढ्नुपर्छ र टेलिभिजनको पहुँच रहेका श्रोता वा दर्शकका लागि टेलिशृङ्खलाको रुपमा पनि यसलाई प्रसारण गर्न सकिए अझ प्रभावकारिता आउने छ ।
- नाटकले सकारात्मक परिवर्तनको उद्देश्यले किशोरावस्थाका समस्याहरुलाई कथावस्तुमा प्राथमिकतापूर्वक समेटी नाटकीकरण गर्नसके त्यसले भोलिको नेपाललाई सकारात्मक बनाउन बढी योगदान पुग्नेछ । युवाहरु वैदेशिक रोजगारमा जाँदा कसरी ठगिन सक्दछन् भन्ने कुरा, एच.आई.भी.सम्बन्धी चेतनामूलक कुरा, पश्चिम नेपालमा अझै पनि विभिन्न ठाउँमा पाइने गरेको छाउपडी जस्ता कुरीति निर्मूल गर्न सहयोग पुऱ्याउने कुरा पनि नाटकमा समेटिन सके राम्रो हुनेछ । यसैगरी युवा वा किशोर–किशोरीहरु एकैचोटी फुर्सदमा पुग्ने बेला (जस्तैः एस.एल.सी. जाँच दिएपछि) उनीहरुका लागि काम लाग्ने विषयवस्तु समेट्न ध्यान पुऱ्याउनु पर्दछ ।
- नाटकमा देशका विभिन्न भू–भागका श्रोताहरुको सामिप्यता अभिवृद्धि गर्न कथावस्तुमा कहिलेकाहीँ पात्रहरुले विभिन्न ठाउँको भ्रमण गरेको र भ्रमणका बेला ती ठाउँका मानिसहरुबाट पाएको सद्भाव र त्यहाँका विशेषताहरु पनि दर्शाउन सके अझ राम्रो हुनेछ ।
- वर्तमान परिवेशमा मानिसहरुमा स्वभाविक रुपमा पाइने फरकपनलाई बुझी साझा हितका लागि काम गरौं भन्ने सन्देशलाई नै नाटकले सबैभन्दा बढी समेट्ने प्रयत्न गरे त्यसले अहिले देखा पर्न थालेको असहिष्णु भाव हटाई मुलुकमा आपसी सद्भाव र साझा हितका लागि काम गर्ने प्रवृत्ति विकसित गर्न बढी योगदान पुग्दछ । देशमा अहिले सबैभन्दा बढी यही प्रवृत्तिको खाँचो छ । अरुको अस्तित्वलाई पनि स्विकार्ने र सहकार्य गर्ने प्रवृत्ति युवाहरुमा विकास गर्नु पर्दछ ।
- नाटकमा अभिनय गर्ने कलाकारहरुले बेला–बेला देशका विभिन्न भागका श्रोताहरुसँग भेटघाट गर्न भ्रमण गर्ने गरे त्यसले श्रोताहरुसँग अझ निकटता सिर्जना गर्न सक्दछ ।
- नाटकलाई युवाहरुको बीचमा मात्र सीमित नराखी युवा र उनीहरुका अभिभावकहरुका बीचमा हुने अन्तरक्रियात्मक सम्वादहरु पनि समेट्नु पर्दछ ।
- सुशासन र लोकतान्त्रिकीकरणका सन्दर्भमा युवाहरुको भूमिकालाई नाटकले प्रस्तुत गर्नसके अझ राम्रो हुनेछ ।
- नाटकमा प्रयोग गरिने भाषाको शुद्धता र त्यहाँ बोलिएका कुराहरुले कुनै विशेष वर्ग, जाति, धर्म, लिङ्ग र स्थानलाई नकारात्मक असर नपारोस् भन्ने कुरामा चनाखो रहनु पर्दछ ।

## वास्तविक भोगाइहरुको प्रतिबिम्बन

यस धारावाहिक नाटकको सबैभन्दा सशक्त पक्ष चाहिँ नाटकमा लक्षित श्रोताहरुले आफ्नै समसामयिक भोगाइ र परिवेशको प्रतिबिम्ब पाउनु नै हो । नेपाली ग्रामीण समाजमा समसामयिक रुपमा देखिएका मानिसहरुका आफ्नै भोगाइ, उनीहरुको दैनिक जीवनमा आइपर्ने गरेका परिस्थिति, उनीहरुका आफ्नै र आफूले व्यवहार गर्नुपर्ने मानिसहरुका विभिन्न स्वभाव, चरित्र र प्रवृत्तिहरुलाई नाटकले अत्यन्तै सहजतापूर्वक समेट्न सकेको कारण नै यो नाटक प्रभावकारी रहेको छ ।

परिच्छेद-५

## *निष्कर्ष*

यस अधिका परिच्छेदमा चर्चा गरिएका तथ्यहरुले नै सर्च फर कमन ग्राउण्ड र एन्टेना फाउण्डेसनले उत्पादन गरी विभिन्न रेडियोहरुबाट प्रसारण गरेको रेडियो धारावाहिक नाटक 'नयाँ बाटो नयाँ पाइला' युवाहरुको व्यवहार परिवर्तन र शान्ति प्रवर्द्धनको आफ्नो लक्षमा प्रभावकारी ढङ्गले अघि बढेको कुरालाई पुष्टि गर्दछन् । यसलाई श्रोताहरुले साँच्चै स्वाभाविक, श्रवणीय र जीवनोपयोगी सन्देशहरुले भरपूर नाटकको रुपमा लिएका छन् । यद्यपि यो पुस्तिका तयारीका लागि सो नाटकको प्रभावकारिताको स्थलगत अध्ययन भने बर्दियाको राजापुर र कैलालीका केही गाउँहरुमा मात्र र साह्रै छोटो समयमा सम्पन्न गरिएको आधारमा नै बढिजसो तथ्यहरु आधारित छन् । अन्यत्रका तथ्यहरुका लागि भने द्वितीयक स्रोतहरुमा मात्र सीमित रहनु परेको थियो । त्यसैले तिनमा चाहे अनुरुपका सबै तथ्यहरु फेला पार्न सम्भव भएन, तैपनि विभिन्न क्षेत्रका सम्बद्ध मानिसहरुसँग कुराकानी गर्दा प्रस्तुत तथ्यहरुले आमवास्तविकतालाई नै प्रतिनिधित्व गर्दछन् भन्ने ठानिएको छ ।

यसो त सर्च फर कमन ग्राउण्ड नेपालमा मात्र नभई विश्वका अन्य देशहरुमा पनि सकारात्मक सामाजिक परिवर्तनका लागि 'सोप-ओपेरा (Soap-opera)'लाई (जसलाई यस पुस्तिकामा 'धारावाहिक रेडियो नाटक' भनिएको छ) प्रभावकारी ढङ्गले प्रयोग गर्ने अनुभव हासिल गरेको संस्थाको रुपमा चिनिन्छ । एन्टेना फाउण्डेसन नेपाल पनि आमसञ्चारका क्षेत्रमा र अझ द्वन्द्व रुपान्तरणका लागि आमसञ्चार कार्यक्रमहरुको निर्माणमा प्रभावकारी भूमिका खेलिरहेको संस्थाकै रुपमा स्थापित छ । त्यसैले यस्ता संस्थाहरुको सक्रियतामा निर्माण भएको यो रेडियो धारावाहिक अपेक्षाकृत प्रभावकारी हुनु स्वभाविकै हो ।

यसले नेपालमा सकारात्मक परिवर्तनका लागि रेडियो धारावाहिक नाटक निर्माणको क्रममा केही कोशे ढुङ्गाहरु पनि स्थापित गरेको छ । त्यस्ता कोशे ढुङ्गाहरुमा एउटा त हालसम्म थाहा भएका तथ्यहरुका आधारमा एउटै उद्देश्य र विषयवस्तुमा तयार पारिएको र व्यवहार परिवर्तनका लागि लक्षित यो सबैभन्दा लामो (५६६ शृङ्खलाको) धारावाहिक नाटक हो । लामो मात्र नभई यो नेपालका ग्रामीण क्षेत्रहरुमा सुनिने रेडियो कार्यक्रमहरुमध्येमा अत्यन्त लोकप्रिय समेत रहेको छ । बाजुराका एकजना युवाले आफ्ना बुबाको हत्या गर्नेप्रति बदलाको भाव राखेर अघि बढ्न खोज्दा यसै नाटकका कारण उनको धारणामा परिवर्तन भएको घटना नाटकको प्रभावकारिताका सन्दर्भमा एउटा सशक्त उदाहरण हो । यसरी द्वन्द्वका कारण उत्पन्न बदलाको भावना नै बदल्न सक्नु भनेको रेडियो नाटकद्वारा व्यवहार परिवर्तनमा उल्लेखनीय योगदान पुग्न सक्दोरहेछ भन्ने कुरा पुष्टि हुनु हो । नाटक सुनेकै आधारमा युवाहरु सङ्गठित हुनु, सङ्गठित युवा शक्तिले खोलामा पुल हाल्नु, तटबन्ध बनाउनु, आयआर्जनका कामहरु गर्नु, सशस्त्र द्वन्द्वपछि गाउँ फर्केका मानिसहरुलाई गाउँमा बस्ने सहज वातावरण बनाउनु, फरक-फरक जाति, लिङ्ग, संस्कृति, मूल, धर्म र वैचारिक आस्था भएपनि ग्रामीण युवाहरुमा आपसमा मिलेर साझा हितका लागि काम गर्ने प्रवृत्ति विकास गर्नु, ग्रामीण विद्यालयमा सुधारहरु देखिनु जस्ता तथ्यहरुले यो नाटक शृङ्खला सकारात्मक व्यवहार परिवर्तनको उद्देश्यमा सफल रहेको छ भन्ने कुरामा कुनै सन्देह छैन ।

प्रायः संसारभरि नै आमसञ्चार माध्यममार्फत् शिक्षात्मक मनोरञ्जनका व्यवहार परिवर्तनमुखी सञ्चार क्रियाकलापहरु स्वास्थ्यका क्षेत्रमा बढी प्रयोगमा रहेका देखिन्छन् । नेपालको अभ्यास पनि यसबाट अलग छैन तर, यो धारावाहिक नाटक भने यस परम्पराभन्दा अलग रही द्वन्द्व रुपान्तरण र शान्ति स्थापनाका दिशामा लक्षित छ र त्यो पनि अत्यन्त सशक्तताका साथ । व्यवहार परिवर्तमुखी सञ्चारको पद्धति वा तरिका स्वास्थ्यका क्षेत्रमा

मात्र नभई द्वन्द्व रुपान्तरण र शान्ति निर्माणका क्षेत्रमा पनि उत्तिकै प्रभावकारी ढङ्गले प्रयोगमा ल्याउन सकिन्छ भन्ने कुरा यसले सिद्ध गरिदिएको छ । खासगरि द्वन्द्व जस्तो संवेदनशील विषयमा व्यवहार परिवर्तनका लागि प्रयत्न गर्नु अत्यन्त जटिल कुरा हो । यस क्षेत्रमा कतिपय कुराहरु सोभ्कै भन्न पनि सकिन्नन् । तर, यो धारावाहिक नाटकबाट चरितार्थ भएको कुरा के हो भने, यस माध्यमबाट द्वन्द्वरत पक्षलाई पनि अप्रत्यक्ष रुपमा तर प्रभावकारी ढङ्गले सन्देश दिन र द्वन्द्वका सवालहरुमा सकारात्मक रुपान्तरणका लागि प्रतिकात्मक पात्रहरुको चरित्र प्रस्तुत गरेर सशक्तताका साथ उठाउन सकिन्छ । सशस्त्र द्वन्द्वपछिको अवस्था अर्थात् युद्ध विरामपछि सम्भ्कौता, द्वन्द्व समाधान र द्वन्द्वरत पक्षबीचको पुनर्मिलनका चरणहरुमा त्यस्तो बेलाका संक्रमणकालीन परिवेशहरु के कस्ता हुन्छन् र तिनलाई कसरी सकारात्मक परिवर्तनतर्फ अभिप्रेरित गर्न सकिन्छ भन्ने कुरा पनि यस नाटकमा प्रयोग गरिएको छ । त्यसैले विकासोन्मुख मुलुकको द्वन्द्वोत्तर अवस्था (Post Conflict Situation) मा व्यवहार परिवर्तनमुखी सञ्चारको भूमिका के कस्तो हुन सक्दछ भन्ने कुराको अध्ययनका लागि पनि यो धारावाहिक रेडियो नाटक एउटा उत्कृष्ट अनुभव बोकेको माध्यमको रुपमा रहेको छ ।

यस रेडियो धारावाहिक नाटक निर्माणको क्रममा स्थापित भइसकेका पुराना लेखक र कलाकारहरुको सट्टा नयाँ पुस्ताबाट पनि प्रभावकारी नाटक तयार पार्न सकिन्छ भन्ने अर्को तथ्य स्थापित भएको छ । रेडियोकर्मीको जमातमा त्यो नयाँ पुस्ता सिर्जनशिलता र प्रभावकारिताको कसीमा खरो उत्रनु साँच्चै उल्लेखनीय पक्ष हो । यसै नाटकमा शुरुदेखि संलग्न रहेका नयाँ पुस्ताका रेडियोकर्मी अभिमन्यू निरवी भन्छन् - 'हामीलाई यो धारावाहिक रेडियो नाटकमा संलग्न भएर केही गर्न सकेकोमा गर्व छ तर अभ्क धेरै गर्व गर्ने ठाउँ बनाउन बाँकी नै छ । अभ्कै नयाँ प्रयोगहरु गर्न सके हुन्थ्यो र रेडियो नाटकलाई अभ्कै जीवन्त बनाउन पाए हुन्थ्यो भन्ने लागिरहन्छ ।'

जीवन्तताकै कुरा गर्दा यो नाटकमा स्वर बिगारेर अभिनय गर्ने वा व्यावहारिक जीवनमा जे भएपनि आदर्श पात्रको अभिनय गर्ने परम्परालाई मुक्ति दिन पर्याप्त प्रयत्न गरिएको छ । तोया घिमिरे भन्छन् - "रेडियो श्रोताहरुमा रहेको 'म जस्तै मान्छेले भनेको कुरा मलाई मन पर्छ' भन्ने सोचलाई हामीले मूर्तता दिने प्रयत्न गऱ्यौं । त्यसैले नाटकका पात्रहरु र तिनको अभिनय आदर्शतम् आधारका नहुन् बरु सकेसम्म वास्तविक जीवनसँगै मेल खाने, स्वभाविक मान्छेले भ्कैं कहिलेकाहीँ गल्ती पनि गर्ने र जीवनमा अगाडि बढ्दै जाने खालका पात्र हुन् भन्ने कुरालाई नै हामीले आत्मसात गऱ्यौं ।"

यो धारावाहिक प्रत्येक दिन प्रसारण नभए पनि यसले पछ्याएको कथाक्रम भने सोप-ओपेराको प्रकृति अनुरुप रहेको पाइन्छ । यसले बिस्तारै कथाक्रम अघि बढाउने (Passive path-way) र पत्यारिलो कथा-स्रोत (Credible source), तर्कसङ्गत विकल्पहरु (Logical alternatives) एवम् सर्वस्विकार्य सत्य (Universal truth) जस्ता कुराहरुका आधारमा नाटक निर्माण गर्ने तरिका प्रयोग गरेर सोप-ओपेरा निर्माणको साविदो पद्धतिलाई अनुसरण गरेको पाइन्छ । यसमा प्रस्तुत कथाक्रममा परिवेश र विषयवस्तुको जानकारी दिँदै लक्षित मानिसहरुका भोगाइको आधारमा सचेतना प्रदान गर्ने (awareness), त्यसपछि मानिसले आफ्नै परिवेश र परिस्थितिसँग मिल्ने आधारमा सकारात्मक विषयवस्तु स्वीकार गर्ने (Approval), आफू वा आफ्नो ठाउँमा पनि त्यसै गरौं भन्ने मनसायको विकास गर्ने (Intention), युवाहरु मिलेर त्यसलाई व्यवहारमा लागू गर्ने (Practice) र आफ्नो अनुभव र अभ्यासबाट आएका परिणामहरुको आधारमा सोको पैरवी गर्ने (Advocacy) काम अर्थात् व्यवहार परिवर्तनमुखी सञ्चारका चरणहरुलाई अपनाउने काम यस धारावाहिकमा गरिएको छ ।

व्यवहार परिवर्तनको उद्देश्य झल्काउनका लागि कथा-क्रममा शुरुमा पात्रको नकारात्मक चरित्र प्रस्तुत गरेर त्यसमा बिस्तारै परिवर्तन देखाउने र एउटा चरित्र परिवर्तन भएको पूर्ण तस्वीर ग्रहण गर्न श्रोताले सोप-ओपेरामा थुप्रै शृङ्खलाहरु सुन्नुपर्ने प्रक्रियाका कारण कहिलेकाहीँ श्रोताले त्यही नकारात्मक चरित्र प्रस्तुत भएको शृङ्खला मात्र सुनेर धारणा बनाउन सक्ने स्वभाविक डर भने यस नाटकका निर्माताहरुले पनि महसुस गरेका छन् । अभिमन्यू निरवी भन्छन् -'त्यसैले पछिल्लो चरणमा हामीले यसलाई विचार गर्दै सकेसम्म प्रत्येक शृङ्खलामा सन्तुलन कायम गर्ने प्रयत्न गर्न थालेका छौं ।' यो प्रयत्न सधैं सबै शृङ्खलामा सम्भव हुन्छ नै भन्न त सकिन्न तर यस्तो सन्तुलनको प्रयत्नलाई भने सह्राहनीय नै मान्नु पर्दछ ।

र अन्तमा, सर्च फर कमन ग्राउण्ड र एन्टेना फाउण्डेसनको सशक्त एवम् सफलतम् प्रस्तुतिको रुपमा रहेको यो धारावाहिकलाई सकारात्मक परिवर्तनका लागि काम गर्ने नेपालका अन्य संस्था र समूहले पनि बिनापूर्वाग्रह अनुसरण गर्नसके विकास सञ्चारको यो माध्यमले वास्तवमै मानिसहरुमा अभिप्रेरणा प्रदान गर्दै सकारात्मक परिवर्तनका लागि उल्लेखिनीय वातावरण बनाउन अझ ठूलो मद्दत पुऱ्याउने थियो भन्ने अपेक्षा गर्न सकिन्छ । निसन्देह यो पद्धति सामाजिक रुपान्तरणका लागि बनाइने रेडियो नाटक निर्माणमा नेपालमा पनि प्रभावकारी हुनसक्ने तथ्य यस धारावाहिकले सावित गरिदिएको छ ।

## धन्यवाद

यस पुस्तिकाको तयारी र सोको अध्ययनका लागि अवसर प्रदान गर्ने राजेन्द्र मुल्मी एवम् प्रदीप परियार लगायत सर्च फर कमन ग्राउण्ड परिवार र अध्ययनको क्रममा हरतरहले सघाउने तथा आवश्यक सुझावहरु प्रदान गर्ने एन्टेना फाउण्डेसन एवम् त्यहाँ कार्यरत सबै साथीहरुप्रति यो लेखक आभार व्यक्त गर्दछ । विशेषगरी स्थलगत अध्ययनमा सहयोग गर्ने सर्च फर कमन ग्राउण्डका बर्दियाको राजापुर क्षेत्र र कैलालीका सहकर्मीहरुलाई पनि धन्यवाद दिन चाहन्छु । यसैगरी अध्ययनको क्रममा आवश्यक सन्दर्भ सामग्री र जानकारीहरु प्रदान गरेर गोपाल गुरागाईं, कोमल भट्ट र तोया घिमिरेले पनि गुन लगाउनु भएको छ ।

## रेडियो नाटक 'नयाँ बाटो नयाँ पाइला' निर्माण गर्ने संस्थाहरु

### सर्च फर कमन ग्राउण्ड

*यो संस्था द्वन्द्व रुपान्तरण तथा शान्ति स्थापनामा कार्यरत अन्तर्राष्ट्रिय गैरसरकारी संस्था हो। सन् १९८२ मा स्थापना भएको यो संस्थाले संसारभरिका १८ राष्ट्रहरुमा काम गर्दछ। यसका धेरैजसो कार्यक्रम विशेषगरी अफ्रिका र मध्य तथा पूर्वी युरोपमा छन् । एसियामा इण्डोनेशिया र हालसालै मात्र नेपालमा यसले आफ्नो कार्यक्रम शुरु गरेको छ। सर्च फर कमन ग्राउण्डको ध्येय भनेको द्वन्द्वलाई हेर्ने दृष्टिकोणमा परिवर्तन ल्याई, हिंसात्मक बाटो त्यागी, सहकार्य गर्दै समाधानतर्फ जाने रहेको छ।*

*नेपालमा शान्ति स्थापनामा सहयोग पुऱ्याउने उद्देश्यले सन् २००६ को फेब्रुअरीदेखि यसले आफ्नो कार्य शुरु गरेको हो । यसले विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आमसञ्चार संस्थाहरु र सामाजिक संघ–संस्थाहरुसँगको साझेदारीमा काम गर्ने गरेको छ। नेपालमा हाल मध्य–पश्चिम तथा सुदूर पश्चिमका ११ जिल्ला र पूर्वका पाँच जिल्लामा शान्ति स्थापनाका लागि सामुदायिक युवा नेतृत्व विकास कार्यक्रम सञ्चालन गरिरहेको छ । यसले रेडियो नेपाल तथा विभिन्न स्थानीय एफ.एम.हरुबाट धारावाहिक रेडियो नाटक 'नयाँ बाटो नयाँ पाइला', बालबालिकाहरुद्वारा उत्पादित रेडियो कार्यक्रम 'सुनौं बोलौं' तथा स्थानीय र क्षेत्रीय स्तरमा उत्पादित शान्तिका लागि सामाजिक सन्देश एवम् रेडियो सम्वाद जस्ता विभिन्न कार्यक्रमहरु प्रसारण गर्दै आएको छ।*

### एन्टेना फाउण्डेसन नेपाल

*यो संस्था वि.सं. २०५९ साउनमा दर्ता भएको नेपालको गैरसरकारी संस्था हो। यसले सामाजिक एवम् आर्थिक विकासका निम्ति रेडियोको प्रयोग गर्न सार्वजनिक प्रसारण संस्थाहरुका लागि कार्यक्रम उत्पादन र वितरण गर्दै आएको छ। एन्टेना फाउण्डेसन नेपालले रेडियो कार्यक्रम उत्पादन र कार्यक्रमसम्बन्धी अनुसन्धान गर्ने साथै रेडियो तालिम दिने काम पनि गरिरहेको छ। यस संस्थाले शान्ति प्रवर्द्धनका लागि युवाहरुको प्रत्यक्ष संलग्नतालाई स्थानीय तथा राष्ट्रिय स्तरमा अभिप्रेरित गर्ने उद्देश्य राखेर युरोपेली युनियनको सहयोग तथा राष्ट्रिय स्तरमा अभिप्रेरित गर्ने उद्देश्य राखेर युरोपेली युनियनको सहयोग तथा* सर्च फर कमन ग्राउण्डसँगको सहकार्यमा धारावाहिक रेडियो नाटक 'नयाँ बाटो नयाँ पाइला'को उत्पादन गर्ने गरेको छ।

सर्च फर कमन ग्राउण्डले विगत २ वर्ष देखि शान्तिका लागि रेडियो संवाद कार्यक्रम देशभरीका २८ वटा एफ. एम. स्टेशनबाट पूर्वमा नयाँ संसार र पश्चिममा सुदुर पश्चिम (मिडीया) विकाशको सहयोगमा उत्पादन गरी प्रसारण गर्दै आएको छ।

यसैगरी विगत १ वर्ष देखि पूर्वको १३ वटा एफ. एम.बाट मैथली भाषाको नाट्य श्रृखला नयाँ संसारको उत्पादनमा प्रसारण भै रहेको छ।

# रेडियो नाटक नयाँ बाटो नयाँ पाइलाका सम्बद्ध कलाकार तथा अन्य सहकर्मीहरु

***कलाकारहरु***

| *पात्र* | *अभिनय गर्ने* |
|---|---|
| *पुष्पाको भूमिकामा* | *रुपकमल क्षेत्री* |
| *राधाको भूमिकामा* | *सुशिला रिमाल* |
| *कमलाको भूमिकामा* | *ज्योती मगर* |
| *मनमायाको भूमिकामा* | *पवित्रा घर्ती मगर* |
| *सुशिलाको भूमिकामा* | *रञ्जु श्रेष्ठ* |
| *बिष्णुदेवीको भूमिकामा* | *अञ्जु देउजा* |
| *जानकी बज्यैको भूमिकामा* | *मिश्री थापा* |
| *सानीमायाको भूमिकामा* | *खुमा घर्तीमगर* |
| *मैयाको भूमिकामा* | *धना घर्तीमगर* |
| *जेनीको भूमिकामा* | *शक्ति रेग्मी* |
| *सन्देशको भूमिकामा* | *घनश्याम जोशी* |
| *प्रकाशको भूमिकामा* | *प्रवेश के.सी.* |
| *दीपकको भूमिकामा* | *दुष्यन्त भट्टराई* |
| *चन्द्रको भूमिकामा* | *जीवनसाथी बस्नेत* |
| *शालिग्राम पण्डितको भूमिकामा* | *लक्ष्मण नेउपाने* |
| *बरुण सरको भूमिकामा* | *नन्दराम रानामगर* |
| *विर्खमानको भूमिकामा* | *राजेन्द्र गड्तौला* |
| *सानुको भूमिकामा* | *निश्छल कटुवाल* |
| *कमरेड वर्तमानको भूमिकामा* | *सफर पोखरेल* |
| *जसबहादुरको भूमिकामा* | *विक्रम परियार* |
| *गणेशको भूमिकामा* | *रञ्जित तामाङ* |
| *खड्गको भूमिकामा* | *सञ्जोग बुढाथोकी* |
| *विशालको भूमिकामा* | *खगेन्द्र लामिछाने* |
| *धनसराको भूमिकामा* | *श्रद्धा क्षेत्री* |
| *जयवीरको भूमिकामा* | *मधुकर दाहाल* |
| *वीरबहादुरको भूमिकामा* | *घनश्याम गौतम* |
| *देउसरीको भूमिकामा* | *प्रभा सुनाम* |
| *सी.डी.ओ.को भूमिकामा* | *राजु भण्डारी* |
| *सन्देशको बुवाको भूमिकामा* | *बैकुण्ठ भण्डारी* |
| *मान्छे-१ को भूमिकामा* | *सविन सिंह* |
| *मान्छे-२ को भूमिकामा* | *मनोज सुवेदी* |
| *मान्छे-३ को भूमिकामा* | *मदनराज पोखरेल* |
| *नेताको भूमिकामा* | *प्रमोदराज नेउपाने* |
| *गर्लफ्रेण्डको भूमिकामा* | *सविता लामा* |
| *ब्वाई फ्रेण्डको भूमिकामा* | *बिष्णु के.सी.* |
| *हेमको भूमिकामा* | *सुरज चापागाईं* |
| *मीनाको भूमिकामा* | *राधा के.सी.* |
| *लालमतीको भूमिकामा* | *मञ्जु श्रेष्ठ* |
| *लोकबहादुरको भूमिकामा* | *सुमन सागर* |
| *गीताको भूमिकामा* | *सावित्रा शर्मा* |
| *महिला इन्स्पेक्टरको भूमिकामा* | *राधा श्रेष्ठ* |
| *रश्मी दिदीको भूमिकामा* | *अम्बिका प्रधान* |
| *विवेकको भूमिकामा* | *किरण बेलबासे* |
| *शिखा (दुर्गा)को भूमिकामा* | *सुष्मिता सुवेदी* |
| *लालेको भूमिकामा* | *युवराज भुजेल* |
| *रामविनोदको भूमिकामा* | *रामचन्द्र यादव* |
| *वन्दनाको भूमिकामा* | *रोश्ना बस्नेत* |
| *विद्यादेवीको भूमिकामा* | *अञ्जु शर्मा* |
| *शेरबहादुरको भूमिकामा* | *रामबाबु रेग्मी* |
| *तिर्थको भूमिकामा* | *महेश श्रेष्ठ* |
| *अमृताको भूमिकामा* | *ज्योती लिम्बु* |
| *सारुको भूमिकामा* | *प्रमिला कटुवाल* |
| *पूर्णप्रसादको भूमिकामा* | *बिष्णुभक्त फुँयाल* |
| *लक्ष्मीको भूमिकामा* | *लक्ष्मी भुषाल* |
| *कान्छीमायाको भूमिकामा* | *शारदा गुरुङ* |
| *प्रतीकको भूमिकामा* | *जे.वी. रुवाली* |

| | | | |
|---|---|---|---|
| *शरदको भूमिकामा* | *टंक चौंलागाईं* | *ऋषिरामको भूमिकामा* | *शेरुजङ्ग शाह* |
| *असलम खानको भूमिकामा* | *गंगाप्रसाद तिवारी* | *वीरबलको भूमिकामा* | *गणेश फुँयाल* |
| *कुमारको भूमिकामा* | *पविन राई* | *वीरबलकी श्रीमतीको भूमिकामा* | *कमला रेग्मी* |
| *अमृतको भूमिकामा* | *प्रवीण पुमा* | *खत्री माइलाको भूमिकामा* | *हर्क साउद* |
| *विकासको भूमिकामा* | *शोभित क्षेत्री* | *प्रहरीको भूमिकामा* | *सुभाष कार्की* |
| *कोचको भूमिकामा* | *दीपक समीर* | *चिया पसल्नीको भूमिकामा* | *कल्पना थापा* |
| *सुरजको भूमिकामा* | *कमल पाण्डे* | *पुरुषको भूमिकामा* | *भोला सापकोटा* |
| *सन्दीपको भूमिकामा* | *भवानी अर्याल 'गोपाल'* | *कुमारीको भूमिकामा* | *सबिना बडाल* |
| *निर्मलाको भूमिकामा* | *राधा के.सी.* | *थमनको भूमिकामा* | *अतिश कार्की* |
| *महिलाको भूमिकामा* | *निर्मला के.सी.* | *सानीको भूमिकामा* | *सुनिता पौडेल* |
| *मसली (विधवा)को भूमिकामा* | *अम्बिका प्रधान* | *रविलालको भूमिकामा* | *शालिकराम भण्डारी* |
| *गायत्रीको भूमिकामा* | *रमा थपलिया* | *प्रहरी हवल्दारको भूमिकामा* | *प्रेम पौडेल* |

***उत्पादन तथा लेखनमा संलग्न***

*तोया घिमिरे, अभिमन्यू निरवी, भानु बोखिम, अशेष आचार्य, अभिनाशी पौडेल, सुष्मा पाण्डे, भवसागर घिमिरे, घनश्याम खड्का, रोजिना सिटौला, चण्डिका मैनाली, सरोज के.सी., विनोद काफ्ले, अनन्त घिमिरे, डी.आर.भण्डारी, जया पराजुली र सम्झना श्रेष्ठ*

***प्राविधिकहरु***

राजेन्द्र रिजाल, *प्रवीण श्रेष्ठ, दिनेश रिजाल र भोजराज वि.क.*

---

## ***सन्दर्भ सामग्री :***


- *सर्च फर कमन ग्राउण्ड र एन्टेना फाउन्डेसन नेपाल, धारावाहिक रेडियो नाटक नयाँ बाटो नयाँ पाइलाः छलफल निर्देशिका*
- *सर्च फर कमन ग्राउण्ड र एन्टेना फाउन्डेसन नेपाल, धारावाहिक रेडियो नाटक नयाँ बाटो नयाँ पाइलाः इन्टरएक्टिभ डिभिडी*
- *शेखर पराजुली र प्रत्यूष वन्त, मार्टिन चौतारी, रेडियोसँग हुर्कंदाः तीनपुस्ते नेपालीको अनुभव*
- *देवराज हुमागाईं, शेखर पराजुली र प्रत्यूष वन्त, मार्टिन चौतारी, मिडिया अध्ययन-५*
- *प्रत्यूष वन्त, शेखर पराजुली, देवराज हुमागाईं, कृष्ण अधिकारी र कोमल भट्ट, मार्टिन चौतारी, रेडियो नेपालको सामाजिक इतिहास*
- *उमा नारुला, डेभेलपमेण्ट कम्युनिकेसनः थ्योरी एण्ड प्राक्टिस*
- *ई.एम. रोगर्स र ए. सिङ्घल, शिक्षात्मक मनोरञ्जन : सामाजिक परिवर्तनका लागि सञ्चार रणनीति*